पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : ७ | २०७० भदौ २१ गते शुक्रबार (Sept. 6, 2013) | मूल्य रू. १०/-

## संविधानको धज्जी उडाइँदै

काठमाडौँ । नेपालको आन्तरिम संविधान पटक-पटक गरी संसोधन भएको १३ पटक पुगी सकेको अवस्थामा फेरी संविधान संसोधन गर्ने प्रंस्ताव लिएर कथित ठूला दलका नेताहरू मन्त्रीपरिषद्का अध्यक्ष र राष्ट्रपतिको निवास धाउन थालेका छन् । अन्तरीम संविधान आफैमा आन्तरीम अर्थात छोटो समयका लागि मात्र हुनु पर्दथ्यो ।

विश्वमा अन्तरीम संविधान यति धेरै पटक संसोधन भएको इतिहास छैन । दलहरूको असफलता र अर्कमण्यताकै कारण संविधानसभाले संविधान निर्माण गर्न सकेन । तत्कालीन संविधनसभामा २५ वटा दलहरू पुगेपनि सत्ताकै लागि दलहरू विभाजनको शिकार भए । संविधानसभाको हत्या हुनु अघि संविधानसभामा ३३ दलको उपस्थिति रहेको थियो । (बाँकी अन्तिम पेजमा)

# प्रचण्ड बर्बराउँदा कांग्रेस-एमाले थरर

काठमाडौं । प्रचण्डले जतिसुकै आतंककारी भाषण गरेपनि कांग्रेस, एमालेलाई किन लोकतन्त्रविरूद्ध लाग्दैन आश्चर्य छ । कांग्रेसी नेता माथवरसिंह बस्नेतले भनेका छन्, यस्ता लोतीखोरे कांग्रेस-एमालेले आम मतदातालाई के को सुरक्षा देलान्, जसले आफ्नै कार्यकर्तालाई सुरक्षाको अनुभूति गराउन सकेका छैनन् ।

हो, प्रचण्डले पछिललो पटक भनेका छन्, कृष्णप्राद अधिकारीलाई मेरै निर्देशनमा सफाया गरिएको हो । हिम्मत भए म र बाबुरामलाई पक्राउ गरेर देखाउ । हाम्रा



कार्यकर्ता पक्राउ परे सहिन्न । प्रचण्डले लोकतन्त्रका सबै सीमाहरू तोडेका छन्, प्रचण्डले लोकतन्त्रलाई बाहुबलीतन्त्र



बनाइदिएका छन् । ९ वर्षदेखि न्याय चाहियो भनेर जीवन जोखिममा पारेका नन्दप्रसाद दम्पत्ती बारे प्रजातन्त्रको बीडाँ हामीले उठाएका



छौं भन्ने कांग्रेस-एमालेले एक शब्द बोलेनन् । यी कस्ता लोकतन्त्रवादी होलान् ?

(बाँकी अन्तिम पेजमा)

## चुनाव जित्न ६०१ नै राख्ने योजना

काठमाडौं । प्रचण्डले जनजाति र मधेसीलाई सुखी पारेर चुनाव जित्ने वातावरण बनाउन र तालमेल गरेर नतिजा आफ्नो पक्षमा पार्न 'बाधा अड्काउ फुकाउ' प्रयोग गरेर संविधानसभा सदस्यको संख्या ६०१ पुऱ्याउने लविङ सुरू गरेका छन् । सरकार बनाउन सहज बहुमत र पहिचानसहितको संघियता र संघियतासहितको संविधान निर्माण गर्न प्रचण्डले जनजाति र मधेसीदलहरूसँग छुट्टा छुट्टै 'तालमेल' रणनीतिक मार्ग निर्माण गरेका छन् ।

जसरी पनि वैद्य समूहलाई चुनाव बहिष्कारका लागि उकास्ने र सेना प्रयोग गरेर भए पनि चुनाव सम्भव गराएर सत्ता र संविधानसभामा एकलौटी हर्ताकर्ता बन्ने प्रचण्डको अभियानमा कांग्रेस-एमाले सहायक (बाँकी अन्तिम पेजमा)

# राष्ट्रपतिले सक्रियता देखाए निकास निस्कने

**अभियान संवाददाता**

काठमाडौं । उच्चस्तरीय राजनीतिक समिति र उपेन्द्र यादवले नेतृत्व गरेको मोर्चा बीच भएको सहमतिका बारेमा जानकारी गराउन राष्ट्रपति कहाँ पुगेको उच्चस्तरीय राजनीतिक समितिमा रहेका दलका नेताहरूलाई राष्ट्रपति डा.रामवरण यादवले अन्तरिम संविधान कति पटक संशोधन गर्ने भनेर प्रतिप्रश्न राखेपछि दलका नेताहरू नाजवाफ भएका थिए ।

गत शनिबार उच्चस्तरीय राजनीतिक समितिमा रहेका एमाओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मधेशवादी दलहरूको मोर्चाका नेताहरू उपेन्द्र यादवलाई बोकेर पहिला मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीको निसाव बालुटार र पछि राष्ट्रपति निवास पुगेका थिए । केही दिन पहिला उपेन्द्र यादवसँग भएको वार्तामा उच्चस्तरीय



राजनीतिक समितिले २०६९ चैत्र १ गते राष्ट्रपतिलाई संविधानको बाधा अड्काउ फकाउ धारा १५८ मार्फत् संविधान संशोधन गर्न लगाएर आउँदो संविधानसभाका सदस्यहरूको संख्या ४ सय ९१ –राख्ने सहमति गरेका भएपनि फेरि उपेन्द्र यादवसँग वार्ता गरी संविधानसभाका सदस्यहरूको संख्या ५ सय ५८ पुऱ्याउने सहमति गरेपछि संविधान संशोधन गर्नु पर्ने अवस्था सिर्जना भएको छ । २०६९ फागुन ३० गते चार दलले मात्र सहमति गरेर ११ बुँदे सहमति गर्दै त्यही सहमतिका आधारमा चैत्र १ गते संविधानका २५ वटा प्रावधानहरू संशोधन गरिएको थियो । त्यही ११ बुँदे सहमति कायम गर्न एमाओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेशवादी दलहरूको मोर्चा सहभागी भएको चार दलीय संयन्त्र गठन गरिएको हुनाले उक्त संयन्त्रमा अर्को दललाई

(बाँकी अन्तिम पेजमा)

## मोहन वैद्य विदेशी दलाल हुन् : प्रचण्ड

**अभियान संवाददाता**

काठमाडौँ । आफ्नो पार्टीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीसँग चुनावी तालमेल गर्ने प्रस्ताव राखेका एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले गत शनिवार आफ्नो पार्टीको भातृसंगठन वाइसीएलको पहिलो अधिवेशनको उद्घाटन गर्दै मंसीर ४ म ागर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचनको विरोध गर्नेहरू सबै विदेशी दलाल भएको आरोप लगाएका छन् । उनको त्यो आरोप प्रत्यक्ष रूपम नेकपा-माओवादी प्रति लक्षित थियो । जो जो ले अहिले मंसीर ४ को निर्वाचनको विरोध गरिरहका छन् ति सबै विदेशी दलाल हुन र उनीहरूले विदेशी दलाली गरी निर्वाचनको विरोध गरीरहेका हुनाले त्यस्ता पार्टीहरू सच्चा कम्युनिष्ट पार्टी हुन



नसक्ने वताउँदै विभिन्न वहाना बनाएर उनीहरूले निर्वाचनको विरोध गरेपनि उनीहरूलाई निर्वाचनको विरोध गर्ने नैतिक अधिकार नभएको जिकिर गरेका छन् ।

(बाँकी अन्तिम पेजमा)

## ठूला दलले नै आचारसंहिता उल्लघन गरे



काठमाडौँ । सद्भावना पार्टीका अध्यक्ष एवं सदावहार पूर्वमन्त्री राजेन्द्र महतोले तिन ठूला दल एमाओवादी, नेपाली कांग्रेस र नेकपा एमालेले निर्वाचन आचारसंहिता विरूद्धको कार्य अगाडि सार्दै मधेसमा मधेसका मतदाताहरूलाई अहिले देखीनै मासु र रक्सी खुवाएर निर्वाचनलाई प्रभावित पार्ने कार्य गरीरहेको आरोप लगाएका छन् ।

रौतहटको झुन्खुन्वा गाविसमा आइतवार सद्भावना पार्टीद्वारा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष महतोले त्यस्तो आरोप लगाएका हुन् । त्यहाँ उपस्थित भएका पत्रकारहरू सामु महतोले ठूला (बाँकी अन्तिम पेजमा)

## राष्ट्रिपतिको सुझाव सिन्डिकेटलाई अमान्य

काठमाडौं । राष्ट्रपति डा. रामवरण यादवले नेकपा-माओवादीलाई बाहिर राखेर चुनाव गर्दा राम्रो हुन्न, उनीहरू चुनावमा किन, आएनन् भनेर वार्ता गर । चुनाव मात्र गरेर के हुन्छ ? चुनाव स्वतन्त्र, निष्पक्ष पनि हुनुपर्छ । सर्वसाधारणले भयरहित मतदान गर्न पाउनुपर्छ भन्ने सुझाव दिएका छन् । नेकपा-माओवादीसहितका असन्तुष्ट दलहरूले सहजकर्ता बनिदेउ, सर्वपक्षीय भेला गराउ भनेर राष्ट्रपतिले सिन्डिकेटलाई यस्तो सुझाव दिएका छन् ।

तर सिन्डिकेटले अन्तिमसम्म वार्ता गर्ने निर्णयको झटारो हानेर निर्वाचनमा होमिएका छन् । वार्ता भएको छैन, वार्ताको वातावरण पनि देखिन्न । यसबाट थाहा हुन्छ, राष्ट्रपतिको सुझाव सिन्डिकेटलाई मान्य छैन । सिन्डिकेट दलहरू जसरी पनि निर्वाचन गराउने अभियानमा जुटेका छन् । असन्तुष्टहरूले (बाँकी अन्तिम पेजमा)

## दाहालको नौटंकी जनताले देखिसके : थापा

काठमाडौँ । नेकपा-माओवादीका महासचिव रामबहादुर थापा(वादलले) आगामी मंसीर ४ गतेको निर्वाचन विथोल्न आफ्ना कार्यकर्तालाई गाउँ-गाउँ घर-घरमा जान निर्देशन दिएका छन् ।

गत आइतवार विभिन्न दलबाट नेकपा-माओवादमा प्रवेश गरेका कार्यकर्ताहरूलाई पार्टीमा स्वागत गर्दै उनले विरगञ्जमा पुगेर त्यस्तो निर्देशन दिएका हुन् । मंसीर ४ मा गर्ने भनिएको निर्वाचन विथोल्न आवश्यक परे आफ्नो पार्टीले हतियार प्रयोग गर्न सक्ने भएको हुनाले हतियार बोक्न पार्टीकार्यकर्ताहरूलाई मानसीक रूपमा तयार रहन आग्रह समेत गर्दै तपाईहरू आँट गर्नुहोस हतियार गाउँगाउँ, घर घर सम्म पुग्छ । आफ्नो पार्टी अन्तिम समयसम्म पनि वार्ताको पक्षमा रहने भन्दै यदि चारदलिय सिन्डिकेट र चारदलको वैशाखीमा उभिएको खिलराज



रेग्मी नेतृत्वको सरकारले नेकपा-माओवादी सहितका अन्य ३३ दलको माग स्वीकार नगरेको खण्डमा कुनै हालतमा पनि मंसीर ४मा निर्वाचन हुन नदिने प्रतिवद्धता कार्यकर्तामाझ जनाएका थिए ।

चारदल र सत्ताले सेना लगाएरै भएपनि संविधानसभाको निर्वाचन मंसीर ४ मै गर्ने भने पनि हामीहरू त्यसबाट रतिभर डराउनु पर्ने अवस्थामा छैन भन्दै महासचिव थापाले भने हामीसँग पनि सेना छ, हतियार छ अनि हामी किन डराउनु पर्ने ? कसैको धम्कीबाट डराउनु पर्दैन भन्दै महासचिव थापाले आवश्यक परे धेरै हतियार ल्याउन हामी सक्षम छौँ, तपाईहरू ढुक्क भएर निर्वाचन विथोल्ने कार्यमा आजैबाट सकृय रहनुहोस भन्ने निर्देशन पार्टी कार्यकर्ताहरूलाई दिएका हुनाले मंसीर ४मा गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न हुने कुरामा आशंका उब्जिएको छ ।

एमाओवादीका अध्यक्ष पुष्पकमल

(बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# अधिकारीको हत्या अनुसन्धान रोक्न दाहालको धम्की

*आफ्नो छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न भएका व्यक्तिहरुलाई गिरफ्तार गरी कानुनी कठघरामा उभ्याउने माग गर्दै आमरण अनसनमा बसेका गोरखा फुजेलका अधिकारीका पिता नन्दप्रसाद अधिकारी र आमा गंगामाया अधिकारीको स्वास्थ्य अवस्था गम्भीर रहेका बेला एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले अधिकारीको हत्या घटनालाई नाटकीय ढंगले उछालेर शान्ति प्रक्रिया भाँड्न खोजेको आरोप लगाउँदै अविलम्ब उक्त प्रक्रिया रोक्न कडा चुनौती दिएका छन् । त्यसै सिलसिलामा मंगलबार मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीलाई भेटेर दाहालले अनुसन्धान प्रक्रिया तत्काल नरोकिए पार्टीले कदम चाल्ने चेतावनी रेग्मीलाई दिएका छन् ।*

*मानवअधिकारकर्मी र द्वन्द्वपीडितहरुले अधिकारी हत्यामा संलग्न भएका व्यक्तिहरुलाई अविलम्ब गिरफ्तार गरी अनसनमा बसेका बाबुआमाको स्वस्थ्य उपचार गराउन सरकारसँग माग गरिरहेका बेला अध्यक्ष दाहालले हालै सरकारले हत्यामा संलग्न भएका व्यक्तिहरुलाई गिरफ्तार गर्न दिएको आदेश अबिलम्ब फिर्ता गर्न माग गर्दै यदि त्यसो नभएको खण्डमा सिंगो पार्टी नै आन्दोलनमा जाने धम्की दिनुले एमाओवादी अहिले पनि शान्ति मार्गमा आउन चाहेको छैन भन्ने प्रमाणित भएको छ । हत्याराहरुलाई प्रचलित कानुन अनुसार कारबाही गर्दा शान्ति प्रक्रिया भाँडिन्छ भन्ने दाहालको भनाईमा कुनै सत्यता छैन । युद्धको बेला युद्धमा होमिएका व्यक्तिहरुको हत्या हुनसक्छ त्यो समान्य प्रक्रिया हो । तर युद्धमा संलग्न नै नभएका व्यक्तिलाई अपहरण गरेर हत्या गर्नु कहाँको न्याय हो । एमाओवादीले द्वन्द्वकालका बेला भएका सबै घटनाहरुको छानविन गर्न सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्न सरकारसँग माग गरेको छ । तर एमाआवादीकै नेता प्रधानमन्त्री भएको १८ महिनासम्म किन त्यस्तो आयोग गठन गरिएन ? आयोग गठन गर्ने प्रक्रिया समेतमा कुनै छलफल र बहस नै चलाइएन ? त्यसको जवाफ एमाओवादी नेतृत्वले दिने कि नदिने ?*

*आमरण अनसन बसेका व्यक्तिहरुले धेरै पहिला नै आफ्ना छोराको हत्याराहरु यी हुन् भनि किटानी साथ प्रहरी प्रशासनमा उजुरी दिँदा निवेदन नै दर्ता नगर्ने प्रहरी प्रशासनले कृष्णप्रसाद अधिकारीका हत्याराहरुलाई कारबाहीको घेरामा ल्याउन सक्ने सम्भावना भएपनि एमाओवादीको दबाबमा प्रहरी प्रशासनले हत्याराहरुमाथि कानूनी कारबाही गर्न सक्छन् भन्ने विश्वास पीडितका बुबाआमालाई नभएर उनीरुले एक जनालाई भएपनि पक्राउ गरेर कारबाही थालिएको खण्डमा आफूहरुले अनसन तोड्ने उद्‌घोष गरिसकेका अवस्थामा शान्ति सम्झौताको हस्ताक्षर कर्ताको नाताले कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न भएका व्यक्तिहरुलाई कारबाही गर्ने प्रयाससम्म गरे, आफ्नो पार्टी बाध्य भएर कडा कदम चाल्न बाध्य हुने चेतावनी दिँदै अध्यक्ष दाहालले द्वन्द्वकालमा आफ्नो निर्देशन अनुसार सबै घटना भएका र ति सबै घटनाको जिम्मेवारी आफू र बाबुराम भट्टराईले लिने बताउँदे हिम्मत भए आफूलाई र भट्टराईलाई पक्राउ गरेर देखाउन सरकारलाई ठाडो चुनौती दिएका छन् ।*

*तत्कालीन नेकपा माओवादी चलाएको १० वर्षे जनयुद्धकालमा झण्डै १७ हजार निर्दोष जनताको ज्यान गएको थियो । नेकपा एमाओवादीको नेतृत्वमा सरकार बनेका बेला पुष्पकमल दाहाल र बाबुराम भट्टराईले द्वन्द्वकालमा मारिएका आफ्ना सबै कार्यकर्तालाई सहिदको पगरी भिराएर राज्यकोषबाट करोडौं रुपैयाँ वितरण गरेका भएपनि माओवादीबाट मारिएका सुरक्षाकर्मीलगायतका अन्य व्यक्तिहरुलाई सहिदको दर्जामै राखेक थिएनन् । यसरी एमाओवादीले जबर्जस्ती गरेर हजारौँको संख्यामा सहिदको दर्जा दिनुले एमाओवादी अहिले पनि अधिनायकवादी तानाशाही प्रवृत्ति लाद्न चाहान्छ भन्ने प्रमाणित भएको छ ।*

*अधिकारी दम्पत्तिको ज्यान रक्षाका लागि अब मानवअधिकारवादी र द्वन्द्वपीडितहरुले नेपाल सरकारको भर पर्नुभन्दा अन्तर्राष्ट्रिय अदालतमै मुद्दा दायर गरेर भएपनि अधिकारी दम्पत्तिको ज्यान रक्षा र हत्या गरिएका कृष्णप्रसाद अधिकारीका हत्याराहरुलाई कानुनी कठघरामा उभ्याउने प्रयास गर्न ढिलो गर्न नहुने हामीले ठहर गरेका छौं । द्वन्द्वकालको हत्या भन्दैमा कसैलाई उन्मूक्ती दिनु हुँदैन भन्ने हाम्रो मान्यता रहेको छ, चाहे त्यो जेसुकै होस् ।*

# न्यायमूर्ति ज्यू न्याय खोज्न कहाँ जाने ?

■ **देवेन्द्र चुडाल**

नेकपा–माओवादीको चुनाव बहिष्कारको रणनीतिले गर्दा के संविधानसभाको दोस्रो निर्वाचन सुनिश्चित हुन सक्छ ? यो प्रश्न लामो समयदेखि उठिरहे पनि त्यसको सही उत्तर दिन सक्ने व्यक्तिहरू अलिहेसम्म कोही देखिएका छैनन् । एकथरी जसरी भएपनि जुनसुकै अस्त्र प्रयोग गरेर भएपनि आगामी मंसिर ४ मै निर्वाचन गराई छाड्ने डंक पिटिरहेका छन् भने अर्कोथरी जुनसुकै हथकन्डा अपनाएर भएपनि मंसिर ४ को निर्वाचन बिथोल्ने र प्रत्येक मतदान केन्द्रमा बम पड्काउने नारा लगाउँदै सडक संघर्षमा उत्रिएका छन् । दलहरूको घमण्ड र असफलताले गर्दा अन्तरिम संविधानलाई निरन्तर घाइते बनाइँदैछ । अन्तरिम संविधान आफैंमा अन्तरिम अर्थात् छाटो समयका लागि हुने भएपनि विश्वमा कहीँ नभएको जात्रा हाँडि गाउँमा भने झैँ अन्तरिम संविधान १३ पटक संशोधन भएको छ । अहिले फेरि १४ औं पटक संशोधन गर्ने कथित ठूला दल भनिएका एमाओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मेधसी दलहरूको मोर्चाले मन्त्रिपरिषद्का अध्यक्ष र राष्ट्रपतिलाई गुहार लगाइसकेका छन् । चार दलिय राजनीतिक संयन्त्रमा उपेन्द्र यादवको पार्टीलाई संलग्न गराउनको लागि फेरि संविधान संशोधन अनिवार्य भएको छ । प्रमुख चार दलले गत फागुन ३० गते गरेको राजनीतिक सहमति अनुसार आगामी संविधानसभामा सदस्यहरूको संख्या ४ सय ९१ बनाउने निर्णय गरेपनि तिनै चारदलले उपेन्द्र यादवसँगको सहमतिमा संविधानसभाको संख्या ५ सय ८५ पुर्‍याउने सहमति गरेर आफ्नैं निणर्यलाई आफैंले उल्टाएका हुनाले दलहरूको विश्वसनीयता माथि शंका उब्जिएको छ । पहिला सहमति गर्न अनि फेरि त्यसलाई उल्टाउने कार्यले गर्दा दलहरूको अकर्मण्यता र नालायकीपन प्रष्ट रूपमै चित्रित भएको छ । पछिल्लो समयमा अशोक राईले नेतृत्व गरेको संघीय समाजवादी पार्टी र मोहन वैद्यले नेतृत्व गरेको नेकपा–माओवादी सहितका ३३ दलले मंसिर ४ को निर्वाचनमा भाग लिने सहमति जनाएको खण्डमा फेरि संविधानको बाधा अड्काउ फुकाउ धारा १५८ प्रयोग गरेर संविधान संशोधन गर्नुपर्ने हुन्छ, यसरी संविधान पटक पटक संशोधन गर्दै जाने र दलगत स्वार्थका लागि संविधानलाई बाधक देख्ने प्रवृत्तिले गर्दा संविधान संविधान नभएर कागजको खोस्टोमा परिणत भएको छ ।

२०६३ माघ ३ गते जारी गरिएको संविधान सहमतिको दस्तावेज थियो । त्यो दस्तावेजलाई मधेस अन्दोलनको नाममा पहिलो पटक संशोधन गरियो । त्यसबेला त्यही संविधान अनुसार संविधानसभाको निर्वाचन भएको भए पहिला नै संविधान जारी भएर त्यही संविधान अनुसार संसदको निर्वाचन समेत भएसक्ने थियो । संविधान नभएको वहाना वाजी गरेर स्थानीय निकायमा निर्वाचन गराइएको छैन । स्थानीय निकायहरूमा निर्वाचिन जनप्रतिनिधिहरू नहुँदा त्यहाँ भ्रष्टाचारले सिमा नाघेको छ । जतातत्तै भ्रष्टाचार व्याप्त छ । दलहरूको अकर्मक्यता र भागवाण्डा नमिलेकै कारण भ्रष्टाचार नियन्त्रण गर्ने निकायहरू लामो समयसम्म अपाङ्ग बनाई । आखिरी किन ? जनताको सेवाका लागि गठन भएको हो भने दलहरू सत्ताको वरीपरी मात्र घुमेर जसरी भएपनि सत्तामै टिकीरहेने र जस्तोसुकै अपराधमा संलग्न भएका व्याक्तिहरूलाई पनि आ–आफ्नो पार्टीमा प्रवेश गराउने प्रवृत्ति दलहरूमा बढेको हुनाले दलहरूले नै राजनीतिलाई अपराधिकरणतर्फ उन्मूख गराउँदै लगेका छन् । कथित ठूला दल भनिएका दलहरूमा अपराधीहरू प्रवेश गर्ने होड नै चलेका छ । अपराधीहरू राजनीतिक पार्टीको संरक्षणमा रहेर आफ्ना अवैध धन्दाहरू सञ्चालन गरी रहेको अवस्थामा आउँदो मंसीर ४ मा गर्ने भनिएको निर्वाचनमा समेत तिनै अपराधीहरूकै वोलवाला चल्ने निश्चिन छ । एमाओवादी नेतृत्वले त सर्वोच्च अदालतबाट सर्वस्व सहित जन्मकैदको फैसला गरेका वालकृष्ण ढुङ्गेललाई संरक्षण दिएर शिर्ष नेताहरूकै वरीपरी राखेको छ । पछिल्लो समयमा निकै चर्चा पाएको गोरखा फुजेलका कृष्णप्रमाद अधिकारीको हत्यामा संलग्न भएका माओवादी कार्यकर्ताहरूलाई पक्राउ गरीए सम्पूर्ण पार्टीनै त्यस्को विरूद्धमा लाग्ने उद्‌घोष एमाओवादी अध्यक्षले गरीसकेका छन् । कृष्णप्रसाद अधिकारीका बाबु नन्दलाल अधिकारी र आमा गंगामाया अधिकारी छोराको हत्याराहरूलाई कारवाहीको माग गर्दै लामो सयमसम्म संघर्षमा रहेपनि एमाओवादीकै दवावका कारण सरकारले कारवाही नगरेपछि उनीहरू आमरण अनसनमा बसेका छन् । गत मंगलवार एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई भेटेरै अधिकारीको हत्याको सम्बन्धमा अनुसन्धान अगाडी नबढाउन कडा शब्दमा चेतावनी नै दिएका छन् । यसरी निर्दोष मानीस मार्ने अनि द्वन्द्वकालमा आफ्नो आदेशमा अधिकारीको हत्या गरीएकोले हिम्मत भए आफूलाई र द्वन्द्वकालमा केन्द्रीय जनसरकार प्रमुख डा बाबुराम भट्टराईलाई पक्राउ गरेर देखाउन सरकारलाई चुनौती दिएको हुनाले अब अधिकारी दम्पतिले प्राण त्याग्नु बाहेकका अन्य विकल्पहरू केही देखिएका छैनन् । एउटा राजनैतिक दलका शिर्ष नेताले आफ्नै आदेशमा हत्या गरिएको स्वीकार गरीसकेको अवस्थामा दाहाललाई पक्राउ गरेर कारवाही गर्न नेपालको आन्तरीम संविधनले कहिकतै नरोकेको भएपनि नेपालमा ठूलालाई चैन सानालाई ऐन भन्ने उखान यहाँ मेल खाएको छ । द्वन्द्वकालमा हतियार लिएर हिँडेका व्यक्तिहरू चाहे सरकारी पक्षका हुन् चाहे विपक्षी हुन्, उनीहरू मारिन सक्छन् । तर युद्धमा संलग्न नै नभएका व्यक्तिलाई अपहरण गरी हत्या गरिएको हुनाले कानुनी शासनको अन्त्य भएको स्वीकार गरिनु पर्छ । यदि नेपालमा कानुनी शासन छ भने कृष्णप्रसाद अधिकारीका हत्यारा भनी पीडित पक्षले किटानी जाहेरी दिएका व्यक्तिहरूलाई अबिलम्ब पक्राउ गरी उनीहरूलाई कानुनी दायरामा ल्याउनै पर्छ ।

आउँदो मंसिर ४ मा गर्ने भनिएको संविधानसभाको निर्वाचनका लागि आजसम्म पनि चुनावी वातावरण बन्न सकेको छैन । सरकार र केही दलका शीर्ष नताहरूले चुनावी वातावरण बनिसकेको डंक पिटेपनि जनतामा भने चुनावी रौनकले छोएको छैन । जनता त्रसित छन्, कही दिन पहिला नेकपा–माओवादीको स्वयंसेवक दस्ताले राजधानीमा परेड खेलेको सरकार र कथित ठूला दलका नेताहरूले देखेकै हुनुपर्दछ । उनीहरूले परेडमा अराजक नारा समेत लगाएका थिए, ऐक ४७ बोकिन्छ, प्रचण्डलाई ठोकिन्छ, एक बुथ एक बम भन्दै जनतालाई निर्वाचनमा सहभागी नहुन भन्दै मतदान केन्द्रमा विष्फोट गराउन आफूहरू तयार रहेको उद्‌घोष गरिरहेका थिए । त्यो परेडले अराजक नारा लगाएपनि उनीहरू अनुशासित नै देखिएका थिए । त्यो जटिल अवस्थामा मंसिर ४ मै के निर्वाचन सम्भव छ त ? नेकपा–माओवादीसहितका अन्य ३३ दलले आजसम्म पनि आफूहरू निर्वाचन विरोधी नभएको बताइरहेका छन् । तर किन कथित ठूला दल भनिएका दलहरूले उनीहरूलाई निर्वाचन विरोधीको रूपमा हेरिरहेका छन् । नेकपा–माओवादीसहितका अन्य ३३ दलले राखेका केही मागहरू जायज देखिएका छन् । जायज मागहरू तत्कालै पुरा गरेर गर्न नसक्ने मागका बारेमा प्रष्ट रूपमा कथित उच्चस्तरीय राजनीतिक समितिले नेकपा–माओवादी सहितका अन्यदलहरूसँग वार्ता गर्ने हो भने वार्ताले सकारात्मक रूप लिन सक्ने सम्भावना हुँदा हुँदै पहिला आफैंले सहमति जनाउने अनि खोई किन हो कतैबाट आकाशवणी भएर आएको तारको आदेशालाई स्वीकार गर्दै आफ्नो भनाईलाई लट्याउने गरेका हुनाले वार्तामा समस्या देखिएको छ । नेकपा–माओवादी सहितका अन्य ३३ दल र अशोक राईले नेतृत्व गरेको ८ दलिय मोर्चाको सहमति बेगर मसिर ४ मा गर्ने भनिएको संविधानसभाको दास्रो निर्वाचनले कुनै सार्थक परिणाम दिनै सक्दैन । त्यसले केवल जनतामा मारकाट र रक्तपातको अवस्था मात्र सिर्जना गर्न सक्ने भएको हुनाले मंसिर ४ गते गर्ने भनिएको निर्वाचनको मिति पछि सारेरै भएपनि सबै दललाई निर्वाचनमा सहभागी हुने वातावरण मिलाइउनु नै समस्याको एक मात्र समाधान हो । जसरी भएपनि जवर्जस्ती रूपमा निर्वाचन गराउने हठ गर्नु र मंसिर ४ मा निर्वाचन नभए मुलुक संकटमा फस्छ भन्नुको पछाडी कुनै वैज्ञानीक आधार छैन । के मंसीर ४ मा निर्वाचन नभए आकाश खस्छ, पृथ्वी भासिन्छ ? मंसीर ४ को साईत भगवानले जुराईदिएको हो ? पहिलो संविधानसभाको निर्वाचन पनि चौथो पटकको मितिमा मात्र भएको थियो । साँच्चिकै कथित ठूला दल हौ भने दलहरूले संविधानसभाको निर्वाचन र संविधानसभाबाटै संविधान चाहेका हुन भने उनीहरूले मंसिर ४ गते गर्ने भनिएको निर्वाचनमा सबैदलले भाग लिने सहमति जनाएको खण्डमा पछि सर्न तयार हुनै पर्छ ।

दुई सय ४० वर्ष अगाडी नेपाल राष्ट्रको एकीकरणकर्ता भनिएका पृथ्वीनारायण शाहले छिमेकी मुलुक भारत र चीनको सन्दर्भलाई लिएर भनेका थिए । नेपाल दुइ ढुङ्गा बीचको तरूल हो । त्यो भनाई आज पनि त्यतिकै सान्दर्भिक भएको छ । पृथ्वीनारायण शाहको त्यो भनाइले नेपालको परराष्ट्रनीतिको आधार बन्दै आएको छ । नेपालले यी दुबै छिमेकी मुलुकहरूसँग सुमधुर सम्बन्ध राखेर आफ्नो विकासक्रमलाई अगाडी बढाउँदै लैजानु पर्नेमा दक्षिणी छिमेकी मुलुकले नेपालप्रति हेपाहा प्रवृति देखाउँदै गएको र आफ्नो स्वार्थ पूर्तिका लागि नेपालका राजनैतिक दलहरूलाई बेलाबेलामा आदेश निर्देशन समेत दिने गरेकोले नेपाली जनता भारतप्रति नकारात्मक सोच राख्न बाध्य भएका छन् । नेपाली जनाता भारतप्रति नकारात्मक सोच दिनप्रतिदिन बढ्दै गएको तथ्य त भारतीय गुप्तचर संस्था 'र' ले २००९–११सम्म गरेको सर्वेक्षणले नै प्रष्ट पारेको छ । नेपालका राजनैतिक दलका नेताहरू निणर्य गर्न नसक्ने र भारतको सहयोग विना सत्ता प्राप्त गर्न नसक्ने सोचले अगाडि बढेका हुनाले कथित ठूलादलका नेताहरू अहिले मंसिर ४ मै निर्वाचन हुनुपर्छ भनिरहेका छन् । सबै दलहरू मिलेको खण्डमा र सबै दलले निर्वाचनमा सहभागी हुने सर्तमा किन मंसीर ४ को निर्वाचन पछि सार्न सकिँदैन ? भारतमा आउँदो वर्ष निर्वाचन हुने भएकाले भारतीय नेताहरूले निर्वाचनमा आफ्नो ध्यान लगाउनु पर्ने भएकोले अहिले फुर्सदको समयमा नेपालमाथि प्रभाव पार्नेका लागि मंसिर ४ मै निर्वाचन गराउन दवाद दिएका हुनाले उसैको दवावमा मंसिर ४ मै निर्वाचन हुन्छ–गराउँछौँ भन्ने डंक कथित ठूला दलले पिटिरहे पनि जनतामा भने मंसिर ४ मै निर्वाचन हुन्छ भन्ने विश्वास छैन ।

*devendrachuda@gmail.com*

# उच्च शिक्षामा सरकार र निजी क्षेत्रको भूमिका

*हरिसिंह केसी*

एसएलसी पास भएका विद्यार्थीले सही बाटो छान्न वा सही कलेज रोज्न सकेका छन् वा छैनन् भन्ने चिन्ता प्लस-टुको दुई वर्षको अध्ययनले देखाउँछ । विद्यार्थी एवं अभिभावक सही बाटो वा कलेज छान्ने वेला अलमलमा पर्नु स्वाभाविक हो । किनभने न राज्यले केन्द्रीयस्तरको परामर्शको व्यवस्था गरेको छ, न त निजी विद्यालय एवं कलेजलगायत अन्य निजी संस्थाले स्वतन्त्र रूपमा परामर्शको व्यवस्था मिलाएको छ । जसरी भए पनि विद्यार्थी एवं अभिभावकले कलेज छानिसकेका छन् । आफ्नो भविष्य सुनिश्चित बनाउनतिर सोच गर्नुबाहेक अन्य सोच राख्नु बेकार मात्र हुनेछ ।

**कलेजको दायित्व**

विद्यार्थी भर्नाको समयमा कलेजले आ-आफ्नै शैलीमा विद्यार्थी एवं अभिभावकलाई वास्तविक वा विभिन्न प्रलोभन बाँडेको छ । फलस्वरूप भर्खरै एसएलसी पास गरेका कलिला मस्तिष्क बालबालिका एवं पूर्णरूपमा एजुकेटेड नभइसकेका अभिभावकलाई कलेज छान्नका लागि सजिलै कन्भिन्स गराएर नयाँ विद्यार्थी भर्ना गर्न कलेज सफल भएका छन् । भर्नाका समय कलेजले आफूलाई अब्बल देखाउन कसैले गुणस्तरीय र व्यावहारिक शिक्षामा जोड, परीक्षामा उत्कृष्ट नतिजा निकाल्न सफल, शैक्षिक गुणस्तर पूर्वाधार तथा शिक्षण विधिलगायत मापदण्डमा अब्बल, अन्तर्राष्ट्रियस्तरको शिक्षा नेपालमै जस्ता आकर्षक 'स्लोगन' बनाएर विद्यार्थी तान्न खोजिरहेका हुन्छन् । यस्ता नारा दिएर विद्यार्थी भर्ना गर्न केही कलेज सफल भएको छ भने केही कलेज अझै विद्यार्थी खोजीमा लागिरहेका छन् । जुनसुकै नारा दिएर विद्यार्थी भर्ना गरे पनि आगामी दिनमा विद्यार्थी भर्ना गर्दा जुन-जुन कमिटमेन्ट विद्यार्थी र अभिभावकसँग गरेको छ । त्यो कलेजले पूरा गर्नुपर्छ । यदि पूरा गर्न नसकेमा झुटको खेती प्रचार-प्रसार हुनु र कलेज सेवामुखीभन्दा पनि व्यावसायीमुखी भएको देखिन्छ । कुनै पनि कलेजले विद्यार्थी भर्ना गर्दा आफूले गरेको कमिटमेन्ट पूरा गरेको छ/छैन, त्यसलाई सम्बन्धित निकायले नियमित रूपमा अनुगमन गर्नुपर्छ । जसले गर्दा आगामी वर्षमा भ्रम वा झुटोको खेती गर्न नसक्ने र विद्यार्थी एवं अभिभावक यस्ता मारबाट वञ्चित हुनेछन् ।

स्वच्छ वातावरण, अत्याधुनिक कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला, होटेल मेनेजमेन्ट प्रयोगशाला, सेमिनार हल वा हरियाली वातावरण तयार गर्नु कलेजको दायित्व हो । कुशल एवं दक्ष तथा अनुभवी शिक्षकद्वारा कक्षा सञ्चालन गर्नु अर्को महत्वपूर्ण जिम्मेवारी कलेजको हो । करियर काउन्सेलिङ कक्षाहरूको व्यवस्थापन, नियमित रूपमा व्यक्तिगत तथा सामूहिक कक्षाहरूको प्रस्तुति, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका ख्याति प्राप्त व्यक्तिद्वारा सेमिनार, वर्कसप, तथा ट्रेनिङको व्यवस्था गरिएको हुनुपर्छ । शिक्षण पद्धतिलाई अझ व्यावहारिक वा सीपमूलक बनाउन शिक्षण, अनुसन्धान र सामाजिक क्रियाकलापलाई सँगसँगै लैजाने व्यवस्थापन मिलाएको, विद्यार्थीको प्रतिभा देखाउने लेख-रचनाजस्ता महत्वपूर्ण विषयलाई समेटेर नियमित रूपमा पत्रिका प्रकाशन गर्न पाउने अवसर व्यवस्था गरिएको हुनुपर्छ । साथै, शैक्षिक क्यालेन्डरलाई चुस्तदुरुस्त कार्यान्वयनमा ल्याउनुपर्ने, नियमित रूपमा विद्यार्थीको प्रगति विवरण अभिभावकलाई दिने, नियमित रूपमा विद्यार्थी अभिभावक, शिक्षक व्यवस्थापकबीच खुला छलफल आदि-इत्यादि कलेजले मिलाएको हुनुपर्छ । फलस्वरूप विद्यार्थीले आफूले खोजको र चाहेको शिक्षा सजिलै लिन सक्छन् । निजी कलेजको भूमिका अत्यन्त ठूलो छ । राष्ट्र निर्माणका लागि कलिला मस्तिष्कका बालबालिकालाई अनुशासनमा राख्नका लागि 'डिसिप्लिन इन्चार्ज'को व्यवस्था मिलाउनुभन्दा पनि नियमित रूपमा काउन्सेलिङ र मोटिभेसन कक्षाको व्यवस्था मिलाई विद्यार्थीको सर्वांगीण विकासमा ध्यान दिनुपर्छ ।

सरकारको दायित्व

जुनसुकै देशमा पनि राज्यको भूमिका ठूलो हुन्छ । राज्य सफल वा असफल दुवैको जस र अपजस राज्यलाई नै जाने हुन्छ । त्यसैले राज्यले समयमा नै नीति-नियम बनाउँदा अत्यन्त पारदर्शी ढंगले बनाउनुपर्छ । निजी संस्था र सरकारी संस्थालाई छुट्याएर हेर्ने वा भेदभाव गर्ने जुन प्रवृत्ति हट्नुपर्छ । राज्यले कस्तो व्यक्ति उत्पादन गर्न चाहेको हो, राज्यलाई कस्तो व्यक्ति आवश्यक छ, अन्तर्राष्ट्रियस्तरमा कस्तो किसिमको व्यक्ति उत्पादनमा जोड दिएको पाइन्छ, अहिलेको र भविष्यको आवश्यकता के हो ? त्यो सही समयमा पहिचान गरेर अघि बढ्नुपर्ने जिम्मेवारी राज्यकै हो । त्यसैले सरकारले कुनै पनि संस्थालाई होस् वा व्यक्तिलाई दोष देखाएर आफू पन्छिन पाइँदैन ।

सरकारले कानुन र पद्धति मात्र बनाउने होइन, अनुगमन वा निरीक्षण गर्न आवश्यक छ । विद्यार्थीलाई विषय छनोट सम्बन्धमा प्रशिक्षित गर्ने व्यवस्था मिलाउनुपर्छ । देशको आवश्यकता सम्बोधन गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्न सक्ने किसिमको शिक्षण पद्धतिको विकास गर्नु पनि सरकारकै दायित्व हो । विकसित देशमा निजी संघसंस्थालाई राज्यले जसरी ध्यान पुऱ्याएको हुन्छ, त्यसरी नै हाम्रो देशको राज्यले पनि निजी कलेज र स्कुललाई हेर्ने दृष्टिकोण बनाउनुपर्छ । उनीहरूलाई सौताको व्यवहार नगरी आवश्यक सहयोग गर्न रचनात्मक भूमिका खेल्नुपर्ने देखिन्छ । स्वतन्त्र तथा विभिन्न पाटीसँग सम्बद्ध शिक्षाविद् एवं शिक्षासँग सम्बन्धित सरोकारवाला व्यक्तिसँग नीति निर्माता एउटै थलोमा बसेर गोलमेच सम्मेलन गरी शिक्षानीतिमा समयानुकूल परिवर्तन ल्याउने काम पनि राज्यकै हो । त्यसपछि कार्यान्वयन गर्ने जिम्मा सम्बन्धित सरोकारवाला व्यक्तिको हुनेछ ।

**जुनसुकै नारा दिएर विद्यार्थी भर्ना गरे पनि आगामी दिनमा विद्यार्थी भर्ना गर्दा जुन-जुन कमिटमेन्ट विद्यार्थी र अभिभावकसँग गरेको छ । त्यो कलेजले पूरा गर्नुपर्छ । यदि पूरा गर्न नसकेमा झुटको खेती प्रचार-प्रसार हुनु र कलेज सेवामुखीभन्दा पनि व्यावसायीमुखी भएको देखिन्छ । कुनै पनि कलेजले विद्यार्थी भर्ना गर्दा आफूले गरेको कमिटमेन्ट पूरा गरेको छ/छैन, त्यसलाई सम्बन्धित निकायले नियमित रूपमा अनुगमन गर्नुपर्छ । जसले गर्दा आगामी वर्षमा भ्रम वा झुटोको खेती गर्न नसक्ने र विद्यार्थी एवं अभिभावक यस्ता मारबाट वञ्चित हुनेछन् ।**

**अभिभावकको दायित्व**

अहिलेको युगमा स्तरीय शिक्षा आवश्यकता र चुनौतीको विषय भइकेको छ । तर, शिक्षाको स्तर उकास्न त्यति सजिलो छैन । यसलाई वस्तुपरक र अनुसन्धानमुखी बनाउन अभिभावक, शिक्षक र कलेज व्यवस्थापनबीच गहन छलफल भइरहनुपर्छ । अभिभावकले आफ्ना छोराछोरी नियमित रूपमा कलेज गएका छन् कि छैनन्, गृहकार्य गर्छन् कि गर्दैनन् र परीक्षामा सामेल भइरहेका छन् कि छैनन्, ख्याल गर्नुपर्छ । यसका साथै कलेजको नियम उल्लंघन गरिरहेको छ भने त्यसबारे कलेजका अधिकारी जति चिन्तित हुन्छन्, अभिभावक पनि उत्तिकै चिन्तित हुन आवश्यक छ । अभिभावकले विद्यार्थीलाई नैतिक सन्देश दिई राम्रो काममा प्रेरित गरिरहनुपर्छ । आजभोलि किशोरकिशोरी दुर्व्यसनमा फस्ने सम्भावना बढी भएको हुनाले विद्यार्थीहरु छोरोछोरीको निकै ख्याल गर्नुपर्छ । लागुपदार्थ दुर्व्यसनमा फस्न लागेको संकेत पाएमा वेलैमा सचेत गराउनु पनि अभिभावकको परम कर्तव्य हो । विद्यार्थी भर्नाको समयमा कलेजले गरेको कमिटमेन्ट पूरा गरेको छ वा छैन, त्यसलाई विशेष ध्यान दिनु पनि अभिभावकको मह□वपूर्ण जिम्मेवारी हुन्छ ।

**विद्यार्थीको दायित्व**

कतियय विद्यार्थीले पढाइलाई त्यति गम्भीर रूपमा नलिने र लिए पनि परीक्षा नजिकिँदा मात्र लिने गरेको पाइएको छ । यस्तो प्रवृत्तिका कारण उनीहरु आफैँ पछि पर्छन् । हरेक दिनको नियमित अध्ययन, गृहकार्य, कक्षाकार्य र स्वमूल्यांकन गर्ने बानीले मात्रै सकारात्मक परिवर्तन आउँदै जान्छ । नत्र पढाइमा राम्रो अंक ल्याउन सकिँदैन । कतिपय विद्यार्थी अभिभावक र शिक्षकको दबाबमा परेर मात्र पढ्ने गर्छन् । यस्तो प्रवृत्तिले पनि राम्रो सफलता हात लाग्दैन । विद्यार्थीले पढाइ र अनुशासनलाई सँगसँगै अघि बढाउनुपर्छ । त्यसैगरी, विद्यार्थीले कलेजको पोसाकदेखि नियमित गृहकार्य, कक्षाकार्य हाजिरीमा ध्यान दिनुपर्छ र विषयवस्तुको छलफल गरिरहनुपर्छ । अन्तर्राष्ट्रियस्तरको शिक्षा लिने वातावरण विद्यार्थी आफैँले तयार पार्नुपर्छ । घोकेर मात्र पनि हुँदैन । के पढ्ने, कसरी पढ्ने र कति वेला पढ्नेसम्मका कुराको उचित व्यवस्थापन गर्नुपर्छ । सर्वाधिक मह□वपूर्ण, विद्यार्थीले समय व्यवस्थापनमा निकै विवेक पुऱ्याउनुपर्छ । हरेक विषयको समय तालिका बनाउने, नोट बनाई पढ्ने, क्यालेन्डरअनुसार एकाइ, मासिक र त्रैमासिक एवं वार्षिक परीक्षाहरूको तयारी गर्नुपर्छ । कलेजको पढाइका साथसाथै अतिरिक्त क्रियाकलाप, शारीरिक व्यायाम, खेलकुद, गीत-संगीत आदि व्याक्तित्व विकासका कार्यक्रममा पनि सरिक हुनुपर्छ ।

# कठोर मनोरञ्जनमा स्थानीयवासीको आकर्षण

**आसामी समुदायले माघ बिहु धुमधामसँग मनाउँछन् । मध्य जनवरीमा मनाइने यो उनीहरूको परम्परागत चाड हो । यस पर्वमा निकै भोजभतेर र मनोरञ्जन गरिन्छ । बुलबुल चराको भिडन्त पनि त्यही मनोरञ्जनको एउटा हिस्सा हो । आसाम राज्यमै पर्ने नागाउँमा हुने राँगा जुधाइले पनि ठूलो संख्यामा मानिसलाई आकर्षित गरिरहेको हुन्छ ।हाजोको स्थानीय मन्दिर समितिले बुलबुलका दुई पक्षीबीचको भिडन्त आयोजना गर्दछ । यो भिडन्त हेर्न हजारौंको भीड लाग्दछ ।**

रञ्जिता विश्वास

गुवाहाटी, भारत । भारतको आसाम प्रान्तको राजधानी गुवाहाटीबाट ३० किलोमिटरको दूरीमा रहेको सानो हाजो सहरमा मानिसहरूको ठूलै भीड बुलबुल चराको भिडन्त हेर्न भेला भएको छ । भारतीय उपमहाद्वीपमा रातो रङ्को बुलबुल चरा निकै प्रख्यात छ ।

आसामी समुदायले माघ बिहु धुमधामसँग मनाउँछन् । मध्य जनवरीमा मनाइने यो उनीहरूको परम्परागत चाड हो । यस पर्वमा निकै भोजभतेर र मनोरञ्जन गरिन्छ । बुलबुल चराको भिडन्त पनि त्यही मनोरञ्जनको एउटा हिस्सा हो । आसाम राज्यमै पर्ने नागाउँमा हुने राँगा जुधाइले पनि ठूलो संख्यामा मानिसलाई आकर्षित गरिरहेको हुन्छ ।

हाजोको स्थानीय मन्दिर समितिले बुलबुलका दुई पक्षीबीचको भिडन्त आयोजना गर्दछ । यो भिडन्त हेर्न हजारौंको भीड लाग्दछ ।

यो भिडन्तको परम्परालाई लिएर पशु अधिकारवादीहरूले निरन्तर आलोचना गरिरहेका छन् । "हामीले वर्षौंदेखि यो अमानवीय प्रचलन बन्द गराउन प्रयास गरिरहेका छौं, तर मानिसहरु हामीले बढी नै गरिरहेको आक्षेप लगाइरहेका छन्," पिपल फर एनिमल्स (पीएफए) नामको गैससका अध्यक्ष संगीता गोस्वामी भन्छिन् । उनी भन्छिन्, यो खेललाई निर्दयी कार्य बाहेक केही भन्न सकिन्न ।

राँगाको भिडन्त पनि गुवाहाटीबाट करिब ९० किलोमिटर टाढाका नागाउँ जिल्लाका ग्रामीण क्षेत्रहरु आहतगुडी, जमुनामुख र मोरीगाउँजस्ता ठाउँहरूमा भव्य उत्सवका साथ आयोजना गरिन्छ । पीएफएले यो प्रचलनका विरूद्धमा सक्रियरुपमा अभियान सञ्चालन गरिआएको छ । यी भिडन्तका क्रममा कहिलेकाहिं पशुको बध गरिन्छ, र रगत आउनु तथा घाउचोट लाग्नु सामान्य हो ।

पीएफए यस्तो क्रुर कार्य रोक्न असमर्थ रहेको छ । "हामीले एउटा मुद्दा दर्ता गर्न वकीलहरूलाई पनि भन्यौं तर कोही पनि यो कार्य गर्न तयार छैन," गोस्वामी भन्छिन् । उनी भन्छिन्, यस्तो दृश्यबाट मनोरञ्जन लिइरहेका स्थानीय मानिसहरु राँगाको भिडन्त नभए त्यो बहुलाउने विश्वासमा अडिग देखिन्छन् । धेरै किसानको विश्वासमा राँगाले दमित क्रोध देखाउन पाएको खण्डमा त्यो अधीनमा आउँछ र खेत जोत्नका निम्ति योग्य हुन्छ ।

भिडन्तका निम्ति चराहरु भने सेप्टेम्बरको अन्त्यतिर पक्रेर राखिन्छ, स्थानीय मानिसहरु भन्छन् । तिनीहरूलाई बाँसको खोरमा थुनिन्छ र जंगली केरासँग स्थानीय जडीबुटी र मादक औषधि मिसाएर खुवाइन्छ । त्यसपछि तिनीहरूलाई मालिकहरूले एकअर्कासँग भिडन्त गर्न तालिम दिन्छन्, नाम भन्न नचाहने एकजना स्थानीयवासीले बताए । प्रशिक्षकहरूलाई दुईवटा समूहमा विभक्त गरिन्छ, भारली-टोल र सोनारी टोल ।

पक्षीका धनीका निम्ति आकर्षक पक्ष भनेको प्रतिष्ठा र राम्रो नगद पुरस्कार हुन्छ । पुरस्कार रकम हरेक वर्ष वृद्धि भइरहेको छ, स्थानीयवासी भन्छन् ।

स्थानीय कृषक कोनराम साइकिया ( अनुरोध बमोजिम नाम परिवर्तन) यो प्रचलन आफूलाई त्यति मन नपरेको बताउँछन् तर त्यसको विरोध गर्न उनी डराउँछन् किनभने धार्मिक महत्व बोकेको चाडको विपक्षमा गए समाजले उनलाई एक्लो बनाउन सक्छ । "मानिसहरु भन्छन्, यो प्रचलन राजा रूद्र सिंहका पालामा आरम्भ भएको हो । किंवदन्ती अनुसार, हयाग्रीब मन्दिरमा दर्शन गर्न जाने क्रममा राजा रूद्र सिंह दुईवटा बुलबुलको भिडन्त देखेर असाध्यै प्रभावित भएका थिए । तर आज मानिस सचेत भइसकेको अवस्थामा पनि त्यसबेलामा यस्तो प्रचलनलाई किन निरन्तरता दिने ?"

रूद्र सिंह अहोम राजाहरूमा सबैभन्दा ठूला मानिन्छन् । खासगरी, माथिल्लो बर्माको शान प्रान्तबाट आएका शक्तिशाली अहोमहरूले सन् १२२८ देखि झण्डै ६०० वर्ष आसाममा शासन गरेका थिए । यो समयलाई ब्रह्मपुत्र उपत्यकाको स्वर्णकाल पनि भनिन्छ । यो अवधिमा चाडपर्वमा पशु भिडन्तलाई लोकप्रिय मनोरञ्जनको साधनका रूपमा लिइन्थ्यो ।

खेलकुद आयोजनास्थल रङ्ग-घर माथिल्लो आसामको राजधानी सहर शिवनगरमा निर्माण गरिएको थियो र त्यहाँ दरबारियाहरूले राँगा भिडन्त, चंगा चेट, भाले भिडन्त र बुलबुल भिडन्त हेर्थे । आज, राँगा र बुलबुल भिडन्तलाई पशुमाथि क्रुरताको रोकथाम ऐन, १९६० ले गैरकानुनी ठहर गरेको छ ।

हाजोका आयोजकहरु भिडन्त समाप्त हुनासाथ ती चरालाई छाडिने गरेको बताउँछन्, तर अधिकारकर्मीहरूले त्यसमा विश्वास गरिरहेका छैनन् । "पीडा खेपेका यी चराहरु कसरी स्वतन्त्ररूपमा विचरण गर्न सक्लान् ? अथवा ती चरा आफ्नै साथी सँगीसँग कसरी फर्कन सक्छन् ?" गोस्वामी भन्छिन् ।

गोस्वामी सरकारी अधिकारीहरु नै यो शतकौं पुरानो प्रचलन बन्द गराउन अनिच्छुक रहेको आरोप लगाउँछिन् । यो प्रचलन रोक्नु स्थानीय मानिसको भावनाविपरीतको कार्य हुने उनीहरूको धारणा छ ।गोस्वामी भन्छिन्, स्थानीय जनताले सहयोग नगर्दासम्म र सचेतना निर्माण गर्न थप प्रयत्न नगरिएसम्म यस्ता प्रचलनको अन्त्य हुने छैन ।

*(आई.पी.एस./एन्.पी.आई.)*

# ग्रामीण खानेपानी परियोजनामा महिला सहभागिता बढ्दै

***अमान्था परेरा***

पोलोन्नारूआ, श्रीलंका । श्रीलंकाको ग्रामीण क्षेत्रमा सुक्खा मौसममा एकनासले फुटेको कच्ची सडकमा टाउकामा पानीका भाँडा बोकेर निकै माइल यात्रा गर्ने महिला देखिनु कुनै अनौठो होइन ।

पुरूषहरु धानखेतमा व्यस्त हुन्छन् भने महिलाले घरायासी प्रयोगका निम्ति पानी संकलन गर्नुपर्नेजस्तो झर्कोलाग्दो काम गर्नु पर्दछ । उनीहरूका निम्ति प्रयोग गरिएको वा खेर गएको पानीका हरेक थोपाको महत्व छ, र यही कारण ग्रामीण खानेपानी परियोजनामा उनीहरु महत्वपूर्ण पक्ष बन्ने गरेका छन् ।

ताल्पोथता श्रीलंकाको सुक्खा क्षेत्रमा रहेको एउटा त्यस्तै कृषिमा आश्रित गाउँ हो । यहाँको जीवनचक्र पूर्णरूपमा आकाशेपानीमा निर्भर छ र पछिल्ला केही वर्षदेखि असाध्यै बढी अनियमित वर्षा भइरहेको छ । सन् २००६ मा यो गाउँले २६ करोड ३० लाख डलरको एसियाली विकास बैंक (एडीबी) परियोजनाको एक हिस्सा प्राप्त गर्न सफल भयो । यो परियोजनाले समग्रमा श्रीलंकाको उत्तर-मध्य तथा पूर्वी प्रान्तका ९००,००० मानिसलाई सुरक्षित खानेपानी उपलब्ध गराउने लक्ष्य राखेको छ ।

तर मुलुकका अन्य धेरैवटा विकास परियोजनाभन्दा यो पृथक छ, किनभने यो परियोजनाको अगुवाइ मुख्यतः महिलाहरूले गरिरहेका छन् । वास्तवमा महिलाहरु नै गाउँ समुदायमा बहुसंख्यामा रहेका छन् । प्रारम्भिक योजना चरणदेखि ग्रामीण महिलालाई परियोजनाको दीर्घकालीन कार्यान्वयन योजनामा संलग्न गराइन्छ । साथै, सामुदायिक-सञ्चालित खानेपानी संकलन ट्याङ्कीको स्थापनादेखि पूरै गाउँमा फैलिने पानी वितरण सञ्जालको नक्साङ्कन गर्नेसम्मका काममा यी महिलाको सहभागिता रहने गर्दछ ।

परियोजनाका सामुदायिक नेतृत्वकर्ताहरूले करिब २०० गाउँ जलउपभोक्तालाई सल्लाह दिन्छन्, मिटर जाँच गर्छन्, महसुल संकलन गर्छन् र अझ महत्वपूर्ण कुरा सुक्खा मौसम सुरू भएपछि कहिले र कसरी खानेपानी नियन्त्रण गर्ने भनेर निर्णय गर्छन् । सदस्यहरूले पनि नियमितरूपमा घरघरै भ्रमण गरिरहेका हुन्छन् र पानीको प्रयोगमा अनुगमन गर्छन् । स्थानीय नेतृत्वकर्ता समूहकी सदस्य शैला हेराथ महिलाले यो परियोजनामा निकै महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताउँछिन् । "घरका महिलालाई के कामका निम्ति कति पानी प्रयोग गर्नुपर्छ भनेर थाहा हुन्छ । त्यसैले, कति चाहिन्छ र कति बढी हुन्छ भनेर हामीलाई थाहा हुन्छ ।"

एडीबी परियोजनाका योजनाकर्ताहरूले पनि यो अनुभवबाटै थाहा पाएका हुन् । यो श्रीलंकाबाट नभइ दक्षिण एसियाकै अन्य ग्रामीण क्षेत्रबाट सिकेको कुरा हो, एडीबीका अधिकारीले बताए । उनले भने, योजना निर्माण बैठकमा ५० प्रतिशत र सरकारी खानेपानी बोर्डमा कम्तीमा २५ प्रतिशत महिला सहभागी हुनुपर्दछ ।

उत्तरी-मध्य सहर पोलोन्नारूआमा सुरक्षित खानेपानीको पहुँच सुधारमा कार्यरत सरकारी कर्मचारी अट्टानायके मुडीयान्से सेनेभीरथ्नेका अनुसार महिलाले परम्परागतरूपमै जलपरी वा सिर्जनाको उपमा पाएका छन् । "यो भनाइ अझै पनि यहाँ प्रचलित छ," उनले आईपीएसलाई बताए, "यस्ता परियोजनाको सफलताबाट महिलाहरूले आफूले अझ राम्रो गरेको अनुभूति गर्न सक्छन् ।" नयाँ परियोजनाका निम्ति त धन्यवाद दिनै पर्दछ, तालपोथताका महिलाहरु भन्छन्, उनीहरूको अहिले निकै समय बचत भएको छ - वास्तवमा अधिकांश ग्रामीण महिलाका निम्ति अझै पनि यो सपना नै हो ।

पैंतालीस वर्षीया लीयादुरिगे सिरियावाथीमा वाल्यावस्थाको सौखलाई प्रयोगमा ल्याइरहेकी छिन् । दुई दशकअघि विवाह बन्धनमा बाँधिएपछि उनको यो सौख त्यतिकै मरेर गएको थियो । उनलाई वास्तावमा स्केच बनाउने ठूलै धोको थियो । उनी आजभोलि यी चित्रहरु बेचेर महिनाको करिब १०० डलर आर्जन गर्न थालेकी छिन् । अन्य महिलाहरु घरको बगैंचा गोडमेल गर्ने काममा संलग्न छन् वा उनीहरूसँग आजभोलि बढी समय उपलब्ध छ वा उनीहरु बढी समय बालबच्चालाई दिन पाएका छन् ।

श्रीलंकामा महिला खानेपानी सञ्जालको नेतृत्व गरिरहेकी कुसुम आथुकोराले यहाँको छ भागको एक खानेपानी वितरणमा ग्रामीण सामुदायिक परियोजनाबाट भइरहेको आईपीएसलाई बताइन् । उनीहरूको सफलता नै हरेक तहमा महिलाको सफलतामा निर्भर गर्दछ, उनले जोड दिइन् ।

"उनीहरूलाई नै पानीका स्रोत कहाँ छन् भनेर थाहा हुन्छ, कति चाहिन्छ भन्ने पनि उनीहरूलाई थाहा हुन्छ । सुक्खा मौसम सुरू हुनासाथ घन्टौ माइलाको यात्रा गर्नुपर्ने वर्ग आखिर महिला नै हो ।" आथुकोराले महिलालाई "जलवायु परिवर्तन अनुकूलनका पैदल सिपाही" को रूपमा मान्छिन् । उनको विचारमा महिलालाई नै घरयासी प्रयोजनमा कसरी प्राकृतिक स्रोतसाधनको प्रयोग भइरहेको छ भन्ने सही जानकारी हुन्छ । हालै एडीबीद्वारा प्रकाशित "दक्षिण एसियामा लैंगिक र सहरी गरिबी" सम्बन्धी प्रतिवेदनले पानीको व्यवस्थापनमा महिलाको भूमिका यस क्षेत्रमै महत्वपूर्ण रहेको देखाएको थियो । "सन् २००५-२००८ को अवधिमा विश्वका ४५ वटा विकासशील मुलुकमा गरिएको स्वास्थ्य सर्भेक्षणले विश्वमै महिलाले घरपरिवारको पानीमध्ये ६४ प्रतिशत महिलाले संकलन गर्दछन् जबकी पुरूषको योगदान २४ प्रतिशत मात्र छ । चार प्रतिशत केटाहरु र केटीहरूले ८ प्रतिशत योगदान गरिरहेका हुन्छन्," प्रतिवेदनमा भनिएको छ ।

प्रतिवेदनले महिलाहरु, खासगरी गरिब समुदायकाहरु सुरक्षित पानीको पहुँचको कमीका कारण बढी जोखिममा रहेको चेतावनी दिएको थियो किनभने "उनीहरु नै घरभित्र पानीको प्राथमिक प्रयोगकर्ता, उपलब्ध गराउनेहरु, र व्यवस्थापक हुन् र घरको सरसफाइमा उनीहरूको मुख्य जिम्मेवारी पनि हुने गर्दछ ।"

प्रतिवेदनले ताल्पोथता खानेपानी प्रणालीजस्तै बंगलादेश, भारत, माल्दिभ्स र नेपालमा पनि खानेपानी परियोजना सफलतापूर्वक सञ्चालन भइरहेको उल्लेख गरेको छ जहाँ परियोजना सफल बनाउन महिलाको भूमिका निकै महत्वपूर्ण छ । भारतको मध्यप्रदेशस्थित रामनगर गाउँको महिला समूह स्थानीय निकायहरु समक्ष अ ावाज उठाउन निकै सक्रिय थियो र यो गैससले आफ्ना घरछेउमा खानेपानीका पाइप जडान गर्न सफलता हात पारेको थियो । ग्रामीण श्रीलंकाजस्तै नयाँ पाइपहरूले समय बचत गरायो, अन्यथा पानी खोज्नकै निम्ति महिलाले लामो समय व्यतित गर्नुपर्ने थियो ।

"महिलाहरूले आजभोलि त्यो बचेको समयलाई समूहका क्रियाकलापमा सहभागितामा खर्च गर्न थालेका छन् र उनीहरु अन्य किसिमका जीविकोपार्जनका विकल्पहरूको खोजी गर्दैछन्," एडीबीको प्रतिवेदनमा भनिएको छ ।

# सेना परिचालन गरे झन् द्वन्द्व : ३३ दल

काठमाडौं । आन्दोलनरत ३३ दलले संविधानसभाको निर्वाचनमा नेपाली सेना परिचालन नगर्न सरकार र प्रमुख राजनीति दललाई आग्रह गरेका छन् । ३३ दलीय मोर्चाको बुधबार नेकपा-माओवादीको मुख्यालयमा बसेको बैठकले निर्वाचन आन्तरिक मामला भएकाले सेना परिचालन गर्न नहुने निष्कर्ष निकालेको छ ।

सरकारद्वारा निर्वाचनको सुरक्षाका नाममा नेपाली सेना परिचालन गर्ने भनी सञ्चारमाध्यममा आएको समाचारप्रति आफूहरूको ध्यान आकृष्ट भएको भन्दै उनीहरूले यस्तो कदमले देशलाई थप द्वन्द्वमा लैजाने चेतावनी दिएका छन् । 'राष्ट्रिय सार्वभौमसत्ताको सुरक्षार्थ गठित नेपाली सेनालाई निर्वाचनजस्तो निःतान्त आन्तरिक राजनीतिक मामिलामा प्रयोग गर्नुले मुलुकलाई जबर्जस्त रूपले द्वन्द्वमा धकेल्नेछ । अतः यसप्रकारको जनघाती कदम नचालियोस् भनी चार दलका नेताहरु र नेपाल सरकारलाई वेलैमा सचेत गराउने निश्चित गरिएको छ,' बैठकपछि जारी प्रेस विज्ञप्तिमा भनिएको छ ।

बैठकले हालै दुई भारतीयलाई गिरफ्तार गर्ने नाममा नेपालको सार्वभौमिकविरूद्ध भारतीय सुरक्षाकर्मीले नेपाली भूमिमा प्रवेश गरेको घटना गम्भीर भएको निष्कर्ष निकालेको छ । उक्त घटनाका सन्दर्भमा नेपाल सरकारको मौनता झन् रहस्यमय बनेको उनीहरूको भनाइ छ ।

३३ दलले नेपालमा आत्मनिर्भर हुँदै गइरहेको कुखुरापालन व्यवसायलाई विस्थापित गर्न भारतीय एकाधिकार कम्पनीद्वारा उत्पादित बर्डफ्लुयुक्त औषधि र दानाको आयात गरी वितरण गरिएको र त्यसका कारण पोल्ट्रीफर्महरूमा बर्डफ्लु फैलिएर ध्वस्त भएको समाचारको सत्यतथ्य पत्ता लगाई दोषीमाथि कारबाही गर्न माग गरेका छन् । बैठकले साफ च्याम्पियनसिपको फाइनल खेल पर्न गएको २६ भदौको बन्द स्थगित गरेको विज्ञप्तिमा जनाइएको छ ।

आन्दोलनरत ३३ दलले संविधानसभाको निर्वाचनमा नेपाली सेना परिचालन नगर्न सरकार र प्रमुख राजनीति दललाई आग्रह गरेका छन् । ३३ दलीय मोर्चाको बुधबार नेकपा-माओवादीको मुख्यालयमा बसेको बैठकले निर्वाचन आन्तरिक मामला भएकाले सेना परिचालन गर्न नहुने निष्कर्ष निकालेको छ ।

सरकारद्वारा निर्वाचनको सुरक्षाका नाममा नेपाली सेना परिचालन गर्ने भनी सञ्चारमाध्यममा आएको समाचारप्रति आफूहरूको ध्यान आकृष्ट भएको भन्दै उनीहरूले यस्तो कदमले देशलाई थप द्वन्द्वमा लैजाने चेतावनी दिएका छन् । 'राष्ट्रिय सार्वभौमसत्ताको सुरक्षार्थ गठित नेपाली सेनालाई निर्वाचनजस्तो निःतान्त आन्तरिक राजनीतिक मामिलामा प्रयोग गर्नुले मुलुकलाई जबर्जस्त रूपले द्वन्द्वमा धकेल्नेछ ।

# सडक पुनर्निर्माण अधुरै

काठमाडौं । सरकारले १५ भदौसम्मका लागि निर्धारण गरिदिएको उपत्यकाको सडक पुनर्निर्माणको लक्ष्य कतै पनि पूरा हुन सकेनन् । मंगलबार सडक पुनर्निर्माणको जिम्मा पाएका निकायहरूले सडक पुनर्निर्माण अनुगमन समितिलाई बुझाएको प्रगति समीक्षामा लक्ष्य पूरा नभएको पाइएको हो । उपत्यका सडक विस्तार आयोजना, काठमाडौं, ललितपुर र भक्तपुर सडक डिभिजन कार्यालय र काठमाडौं महानगरपालिकाले लक्ष्य निर्धारण गरिएअनुसारको काम गर्न नसकेका हुन् । निर्धारित लक्ष्य पूरा गर्न नसक्ने निर्माण पक्षलाई कारबाही गर्ने समितिले यसअघि नै निर्णय गरे पनि मंगलबार कारबाहीको सिफारिस भने कसैलाई पनि नभएको समितिका संयोजक कृष्णहरि बास्कोटाले बताए । मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीसँग केही दिनमा प्रगति समीक्षा बैठक गरी कारबाही गर्ने नगर्नेबारे टुंगो लगाइने भौतिक पूर्वाधार तथा यातायात सचिव तुलसीप्रसाद सिटौलाले बताए ।

पानीका कारण कालोपत्रे गर्न नसकिए पनि कतिपय स्थानमा लक्ष्यभन्दा बढी उपलब्धि हासिल भएको सिटौलाको भनाइ छ । सडक पुनर्निर्माणमा जिम्मेवार निकाय सडक विस्तार आयोजना, उपत्यकाका तीन सडक डिभिजन कार्यालय र काठमाडौं महानगरपालिकालाई डेढ महिनाअघि १५ भदौसम्म सक्नुपर्ने पुनर्निर्माणको लक्ष्य निर्धारण गरिएको थियो । अनुगमन समितिको संयोजक प्रधानमन्त्री कार्यालयका सचिव कृष्णहरि बास्कोटा रहेका छन् ।

मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले पनि भत्काइएको सडकको पुनर्निर्माणमा ढिलाइ गर्नेलाई कडा कारबाही गर्न निर्देशन दिएका थिए । उपत्यका सडक विस्तार आयोजनालाई माइतीघर-तीनकुने सडकमा एक किलोमिटर ग्राभेल र डेढ किलोमिटर फुटपाथ निर्माण सम्पन्न गर्न भनिएकोमा उसले १५ सय मिटर ग्राभेल गरेको छ । यसैगरी, लैनचौर-महाराजगन्ज-गल्फुटार सडकखण्डमा एक किलोमिटर ग्राभेल, दुई किलोमिटर फुटपाथ निर्माण गरिसक्नुपर्ने लक्ष्य निर्धारण भएकोमा दुवै पूरा हुन सकेको छैन । कालिमाटी-बल्खु-त्रिविवि गेटखण्डमा ६ सय मिटर ग्राभेल र सात सय मिटर फुटपाथ बनाइसक्नुपर्नेमा करिब आधार मात्रै काम भएको अनुगमन समितिका एक सदस्यले जानकारी दिए ।

यसैगरी, गौशाला-बानेश्वर-शंखमूलखण्डमा आधा किलोमिटर फुटपाथ तथा एक किमी साइडड्रेन सम्पन्न गर्नुपर्ने गरी लक्ष्य निर्धारण गरिएकोमा करिब पूरा भएको समीक्षा रिपोर्टमा उल्लेख गरिएको छ । निरन्तरको झरीका कारण निर्धारित लक्ष्य पूरा गर्न कठिन भएको सडक विस्तार आयोजनाका प्रमुख श्याम खरेलले बैठकमा बताएका थिए ।

काठमाडौं डिभिजन सडक कार्यालयलाई १५ भदौसम्म करिब सात किलोमिटर सडक निर्माण सक्न भनिए पनि कुनै खण्डमा उसले लक्ष्य भेट्टाएको छैन । सो कार्यलाई करिब दुई किमी लामो सिफल-कालोपुल-नक्सालखण्ड ग्राभेल गर्ने लक्ष्य तोकिए पनि करिब एक किलोमिटरमा मात्र ग्राभेल गरेको छ । ताहाचल-छाउनी (क्याम्पस-आर्मी हस्पिटल)को एक किमी सम्पन्न गर्न भनिएकोमा चार सय मिटर मात्र गाभ्रेल गरिएको छ ।

यसैगरी, आधा किमी लामो नारायणचौर-नानीगन्ज कालोपत्रे गर्न निर्देशन दिइएको निरन्तरको पानीका कारण गर्न सकिएको कार्यालयले जवाफ दिएको छ । सो कार्यालयले चन्डोल-टुँडालदेवी र सुकेधारा धुम्बराहीमा भने लक्ष्यअनुसारै ग्राभेल सकेको छ । उता, एक किमी लामो भगवानपाउ-वनस्थली र गाईबाच्छा पाटी बाहिटी सडकको एक किमी सबग्रेड गर्न भनिएकोमा पानीको पाइपका कारण पूरा हुन नसकेको बताएको छ ।

१५ भदौसम्मका लागि गरिएको लक्ष्य निर्धारणमा ललितपुर सडक डिभिजन कार्यालयले पनि कतै पनि पूरा गर्न नसकेको अनुगमन समितिले बताएको छ । मंगलबार अनुगमन समितिलाई बुझाएको प्रगति समीक्षामा सो कार्यालयले आफ्नो जिम्मेवारीमा परेको लक्ष्य पूरा नगरेको देखिएको छ । कानदेवतास्थान-कुपन्डोल-सानेपा-ज्ञानोदय सडक चार सय मिटर कालोपत्रे सम्पन्न गर्ने लक्ष्य निर्धारण गरिएकोमा पानीका कारण गर्न नसकिएको जनाएको छ ।

जावलाखेल-एकान्तकुना सडक आठ सय मिटर ग्राभेल गर्ने, सातदोबाटो-कर्मनाशा सडक ६ सय मिटर ग्राभेल गर्ने र पुल्चोक-इन्जिनियरिङ क्याम्पस बखुन्डोल सडक दुई सय मिटर ग्राभेल गर्ने लक्ष्य निर्धारण गरिए पनि कतै पूरा गर्न नसकेको समीक्षा रिपोर्टमा उल्लेख छ । डिभिजन कार्यालय भक्तपुरलाई सल्लाघारी व्यासी सडकमा एक किमी बेसको कार्य सम्पन्न गर्ने, कौशलटार-बालकोट- बिरूवा सडकमा दुई सय मिटर ग्राभेल सम्पन्न गर्ने र जगदम्बा टावर निकोसेरा सडक चार सय मिटर ग्राभेल सम्पन्न गर्ने लक्ष्य निर्धारण गरिएकोमा सो कार्यालयले पनि पूर्ण लक्ष्य हासिल गर्न नसकेको जनाइएको छ । अधिकांश सडकखण्डमा ६० देखि ८० प्रतिशतसम्म काम भएको तर पूरा हुन नसकेको जनाइएको छ ।

अनुगमन समितिले काठमाडौं महानगरपालिकालाई सेती ओपी मार्ग, पिपा गोश्वारा डिल्लीबजार घट्टेकुलो मार्गको तीन किमी कालोपत्रे गर्ने, लिकमार्ग र प्रयाग मार्गमा चार किमी बेसकोर्स सम्पन्न गर्ने, दोस्रो चरणको दशरथ चन्द, लाम्टोगिस, चख्खु मार्गमा तीन किमी ग्राभेल तयार गर्ने र सुविधामार्ग, बुद्धिसागर मार्ग, नयाँबस्ती, कैलाशपति, नमुना गल्लीमा २.५ किमी ग्राभेल सम्पन्न गर्ने लक्ष्य दिएको थियो । तर, महानगरले पनि आंशिक काम गरेर समय गुजारेको छ । उसले निर्धारित लक्ष्यमा कुनै पनि खण्डमा पूरा नगरेको अनुगमन समितिले जनाएको छ ।

अनुगमन समितिले काठमाडौं उपत्यका खानेपानी लिमिटेड, विद्युत् प्राधिकरण, दूरसञ्चारलगायतलाई पनि १५ भदौसम्म सक्नुपर्ने कामहरूको लक्ष्य निर्धारण गरेको थियो । तर, सबै निकायले फरक-फरक बहाना बनाई लक्ष्य पूरा गर्न नसकेको रिपोर्ट बुझाएको अनुगमन समितिका एक सदस्यले जानकारी दिए ।

# राष्ट्रिय जनमोर्चाको प्रचारात्मक अभियान-२०७०

**राजतन्त्रको अन्त भएर गणतन्त्रको स्थापना भएको छ। तर त्यसलाई संस्थागत गर्ने कार्य अझै हुन सकेको छैन। संविधान सभाको चुनाव भएर लोकतान्त्रिक संविधानको निश्चित भएपछि नै त्यो कार्य पूरा हुन सक्नेछ। त्यसैले गणतन्त्रलाई संस्थागत गर्न कार्यमा हाम्रो पार्टीले विशेष जोड दिएको छ। आज राष्ट्रियताका अगाडि पनि गम्भीर खतरा उत्पन्न भएको छ। अमेरिकी साम्राज्यवाद र भूमण्डलीकरणको बढ्दो असर, नेपालका प्रमुख राजनैतिक शक्तिहरूको साम्राज्यवाद र भारतपरस्त प्रवृत्ति र नागरिकतासम्बन्धी राष्ट्रघाती नीतिविरूद्ध समेतका कारणले पनि नेपालको राष्ट्रियतामाथि गम्भीर खतरा उत्पन्न भएको छ।**

***मोहनविक्रम सिंह***

राष्ट्रिय जनमोर्चाले देशव्यापी रूपमा राष्ट्रिय प्रचारात्मक अभियान २०७० प्रारम्भ गरेको छ । त्यो अभियानको २०७० भाद्र १० गते बुटवलमा राष्ट्रिय जनमोर्चाका अध्यक्ष का. चित्रबहादुर केसी. ले उद्घाटन गर्नु भएको थियो । त्यसपछि त्यहाँबाट बेग्ला बेग्लै टोलीहरू देशका बेग्लाबेग्लै भागहरूमा प्रचारात्मक कार्य पूरा गर्न गएका थिए । त्यो प्रचारात्मक कार्यमा ५ वटा टोलीहरू देशका विभिन्न क्षेत्रहरूमा गएका छन् ।

राष्ट्रिय प्रचारात्मक अभियानका लागि ५ वटा टोलीहरू देशका ५ वटा क्षेत्रहरूमा बाँडिएर गएका छन्, जसको कार्यविभाजन यस प्रकारको छ : १ नम्बर टोली मेची, कोशी, सगरमाथा र जनकपुरमा । २ नम्बर टोली नारायणी, बाग्मती र गण्डकी अञ्चलहरूमा । ३ नम्बर टोली लुम्बिनी, राप्ती र धौलागिरीमा । ४ नम्बर टोली भेरी, सेती र महाकाली अञ्चलहरूमा । ५ नम्बर टोली कर्णाली अञ्चलमा । उक्त अभियानको कार्यक्रम करिब २५ दिनको हुनेछ । उक्त अभियानका सिलसिलामा यी जिल्लाहरूमा प्रचारात्मक कार्य गरिनेछ : इलाम, पाँचथर, ताप्लेजुङ, धनकुटा, तेह्रथुम, सुनसरी, मोरङ, झापा, सिराहा, धनुषा, महोत्तरी, सिन्धुली, सर्लाही, नवलपरासी, रौटहत, पर्सा, बारा, मकवानपुर, काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, तनहूँ, स्याङजा, कास्की, रुपन्देही, कपिलवस्तु, दाङ, प्युठान, रोल्पा, पाल्पा, बाग्लुङ, अर्घाखाँची, पर्वत, बर्दिया, बाँके, सुर्खेत, दैलेख, कालीकोट, जुम्ला, मुगु । ती जिल्लाहरूमा प्रचारात्मक कार्यक्रमका सिलसिलामा सभा, कोणसभा आदि कार्यक्रमहरू राखिएका छन् । कतिपय जिल्लाहरूमा एउटै जिल्लामा २, ३, ४ वा ५ वटासम्म कार्यक्रमहरू राखिएका छन् । कतिपय कार्यक्रमहरूमा का. चित्रबहादुर के.सी. पनि उपस्थित हुनु हुनेछ । उक्त कार्यक्रमको असोज ५ गते १ नम्बर टोलीको सर्लाहीमा, असोज ३ गते, ३ नम्बर टोलीको बाग्लुङ र ४ नम्बर टोलीका नेपालगञ्जमा समापन हुनेछ । ५ नम्बर टोलीको कर्णालीको कुनै स्थानमा समापन गरिनेछ । त्यसपछि दोस्रो चरणको प्रचारात्मक कार्यक्रम सुरु गरिनेछ, जो चुनावको बेलासम्म कायम रहनेछ ।

देशका सबै भागहरूमा प्रचारात्मक कार्यक्रमहरू मुख्य रूपले सम्पन्न भैरहेका छन् । ती कार्यक्रमहरूमा जनताको व्यापक समर्थन र सहभागिता रहने गरेको छ । तर पूर्वमा जातिवादीहरूले कैयौं स्थानहरूमा हाम्रा सभाहरू भङ्ग गर्ने, हातपात गर्ने, माइक वा त्यसका तार तोड्ने समेत गरेका छन् । सङ्घीयता वा जातीयताको हाम्रो पार्टीले सम्झौताहीन प्रकारले विरोध गरिरहेको छ । त्यसैले पूर्वमा जातिवादी सङ्गठनहरूले हाम्रो कार्यक्रममा बाधा पुऱ्याउने प्रयत्न गरिरहेका छन् । यहाँ उल्लेखनीय छ कि त्यसरी हाम्रो कार्यक्रममा बाधा पुऱ्याउनेमा कतिपय स्थानहरूमा माओवादीका दुवै पक्षहरूका कार्यकर्ताहरू पनि सामेल भएका छन् । यो आम रूपमा थाहा भएको कुरा हो कि माओवादीहरूले खालि सङ्घीयता मात्र होइन, जातीयतामा आधारित सङ्घीयतामा जोड दिएका छन् । त्यस प्रकारको नीतिका कारणले गत कालमा उनीहरूले देशका कैयौं भागहरूमा हाम्रा कार्यकर्ताहरूमाथि हिंसात्मक आक्रमण गर्ने गरेका छन् । त्यो प्रष्ट रूपमा सामाजिक फासिवादी प्रकारको प्रवृत्ति हो । यो प्रवृत्ति अहिले पूर्वमा राष्ट्रिय जनमोर्चाको प्रचारात्मक कार्यक्रमहरूको सिलसिलामा देखा परेको छ । जातिवादी वा माओवादीहरूको त्यस प्रकारका आक्रमणका कारवाहीहरूका बावजुद हाम्रा साथीहरूले दृढतापूर्वक आफ्ना कार्यक्रमहरुलाई अगाडि बढाइरहनु भएको छ ।

"गणतन्त्रलाई संस्थागत गरौं, राष्ट्रियताको रक्षा गरौं, सङ्घीयताको विरोध गरौं"–यी नै देशका अहिलेका मुख्य समस्याहरू हुन् । हाम्रो पार्टीले ती समस्यालाई नै आगामी संविधान सभाको चुनावमा मुख्य नारा बनाएको छ । ती नाराहरूका आधारमा नै हाम्रो प्रचारात्मक कार्यक्रम अगाडि बढिरहेको छ ।

राजतन्त्रको अन्त भएर गणतन्त्रको स्थापना भएको छ । तर त्यसलाई संस्थागत गर्ने कार्य अझै हुन सकेको छैन । संविधान सभाको चुनाव भएर लोकतान्त्रिक संविधानको निश्चित भएपछि नै त्यो कार्य पूरा हुन सक्नेछ । त्यसैले गणतन्त्रलाई संस्थागत गर्न कार्यमा हाम्रो पार्टीले विशेष जोड दिएको छ । आज राष्ट्रियताका अगाडि पनि गम्भीर खतरा उत्पन्न भएको छ । अमेरिकी साम्राज्यवाद र भूमण्डलीकरणको बढ्दो असर, नेपालका प्रमुख राजनैतिक शक्तिहरूको साम्राज्यवाद र भारतपरस्त प्रवृत्ति र नागरिकतासम्बन्धी राष्ट्रघाती नीतिविरूद्ध समेतका कारणले पनि नेपालको राष्ट्रियतामाथि गम्भीर खतरा उत्पन्न भएको छ । सङ्घीयताले त्यो खतरालाई अरु तीव्र बनाएको छ । त्यसकारण हाम्रो पार्टीले राष्ट्रियताको रक्षामा पनि जोड दिएको छ । त्यसका साथै सङ्घीयता अहिले देशको अत्यन्त गम्भीर प्रश्न भएको छ । त्यसबाट जातीय र क्षेत्रीय विग्रह तथा राष्ट्रिय विखण्डनको स्थिति उत्पन्न हुने खतरा छ । राष्ट्रिय प्रचारात्मक अभियानका सिलसिलामा देशव्यापी रूपमा नै उक्त विषयहरूमा जनचेतना बढाउने र जनमत तयार पार्ने प्रयत्न गरिनेछ ।

संविधान सभाको चुनावको तोकिएको समयमा हुनेछ वा छैन ? त्यसबारे अहिले अनिश्चयताको अवस्था छ । प्रथम ता संविधानको निर्माण र गणतन्त्रलाई संस्थागत गर्ने कार्यहरू समेतमाथि विचार गर्दा संविधान सभाको निर्वाचन निर्णयात्मक महत्वको राजनैतिक कार्य हो । त्यो वाहेक कुनै कारणले संविधान सभाको चुनाव हुँदैन भने पनि अहिले सञ्चालित प्रचारात्मक कार्यको महत्व कम हुँदैनक्ष किनभने त्यो कार्यक्रमका दौरानमा जनतामा व्यापक रूपमा राजनैतिक प्रचारको कार्य गरिनेछ । त्यसबाट जनताको चेतनाका स्तर उठ्नेछ । त्यसका साथै त्यो कार्यक्रमका दौरानमा व्यापक रूपमा कार्यकर्ता परिचालन गरिनेछ र जनआधारको विस्तार गरिनेछ । त्यसरी अहिलेको प्रचारात्मक कार्यबाट पार्टीको सङ्गठनात्मक विस्तारमा पनि धेरै नै मद्दत पुग्नेछ ।

संविधान सभाको चुनाव भएपछि त्यसको मुख्य कार्य संविधानको निर्माण नै हुनेछ । तर कुन प्रकारको संविधानको निर्माण बन्नेछ ? त्यो महत्वपूर्ण प्रश्न हो । अहिले, एकातिर, सङ्घीयतावादी वा जातिवादीहरूले सङ्घीयतावादी र जातिवादी प्रकारको संविधान बनाउने प्रयत्न गर्नेछन् भने राजावादीहरूले प्रतिगामी प्रकारको संविधान बनाउन पूरा शक्ति लगाउने छन् । त्यस प्रकारको प्रयत्नहरू सफल भए भने लोकतान्त्रिक संविधान बन्न सक्ने छैन । त्यसकारण त्यस प्रकारको अवस्था उत्पन्न हुन नदिन व्यापक जनमत तयार पार्नु पर्ने आवश्यकता छ । सङ्घीयतावादी, जातिवादी तथा राजावादीहरूका विरूद्ध व्यापक भण्डाफोर गरेर नै त्यो कार्य पूरा हुन सक्नेछ । त्यो कार्यलाई पनि प्रचारात्मक अभियानले महत्वपूर्ण जोड दिनेछ ।

राष्ट्रिय प्रचारात्मक अभियानबाट गणतन्त्रलाई संस्थागत गर्ने, राष्ट्रियताको रक्षा गर्ने तथा सङ्घीयताको विरोध गर्ने कार्यहरूको पक्षमा योगदान पुग्ने कुरा प्रष्ट छ । तर आगामी संविधान सभाले त्यसका पक्षमा महत्वपूर्ण भूमिका त्यो बेला नै खेल्न सक्नेछ, जब त्यसका पक्षमा काम गर्ने सदस्यहरू ठूलो सङ्ख्यामा चुनिएर जानेछन् । यदि सङ्घीयतावादी, जातिवादी वा राजावादीहरू ठूलो सङ्ख्यामा चुनिएमा देशमा जातीय र क्षेत्रीय विग्रह उत्पन्न हुने, राष्ट्रिय विखण्डनको अवस्था उत्पन्न हुने तथा देशमा राजतन्त्रको पुनर्स्थापनामा समेत खतरा हुनेछ । त्यस्तो हुन नदिन संविधान सभामा ठूलो सङ्ख्यामा गणतन्त्र, राष्ट्रियताका पक्षमा र सङ्घीयता वा जातीय राज्य, आत्मनिर्णयको अधिकार, एक मधेश एक प्रदेश, बहुराष्ट्रवाद, जातीय अग्राधिकारका समेतका विरूद्ध स्पष्ट र दृढ दृष्टिकोण राख्ने राजनैतिक दल वा सङ्गठनका उम्मेदवारहरू चुनिएर पुग्न आवश्यक छ । हामीले आशा गर्नु पर्दछ, अहिले राष्ट्रिय प्रचारात्मक अभियानले त्यसका लागि पनि आधार तयार पार्नेछ ।

(इमेलबाट प्राप्त)

## भ्रष्टाचार नियन्त्रणमा अख्तियार सक्रियता देखाउँदै

काठमडौं । केही दिन पहिला भ्रष्टाचारको आरोपमा आफ्नो नियन्त्रणमा लिएका विद्युत प्राधरिकणलगायतका ३३ जनाका विरूद्ध विगोसहितको जेल सजायको माग गर्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ । त्यसरी मुद्दा दर्ता हुनेहरूमा विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक रामेश्वर यादव, पूर्व कार्यकारी निर्देशक जिवेन्द्र झासहित २२ अधिकारी र चिनिया आपूर्तिकर्ता ४ सहित २६ जना रहेका छन् । उनीहरूले वर्षौंदेखि तामाको तारवाला ट्रान्सफर्मरको सट्टा आपूर्तिकर्ता कम्पनीसँग मिलेर न्यून गुणस्तरको अल्मुनियमको तारवाला ट्रान्सफर्मर खरिद गरी करोडौं रूपैयाँ अनियमितता गरी प्राधिकरणलाई करोडौं रूपैयाँ हानी नोक्सानी पुऱ्याएको आरोप लगाइएको छ ।




अख्तियारले उनीहरूविरूद्ध दश वर्षसम्मको कैद सजाय र ४२ करोड रूपैयाँ विगो बराबरको थप जरिवानाको माग गर्दै मुद्दा दर्ता गराएको छ । मुद्दा दर्ता गराएकाहरूमा यादवसहित पूर्वकार्यकारी निर्देशक जिवेन्द्र झा, तत्कालिन निमित्त कार्यकारी निर्देशक टिकाराम बिसी, तत्कालिन योजना प्रमुख कृष्णबहादुर थापा, पूर्वमहाप्रबन्धक चिरञ्जीवी शर्मा पौडेल, सहनिर्देशक हरिशबहादुर पाल, प्रबन्धक सिन्धु यादव, कैलाशप्रसाद अटल, सुरेशराज रेग्मी, शेखरकुमार दत्त, लेखा अधिकृत सुरेशकुमार कट्वाल, केन्द्रिय भण्डार प्रमुख एवं इन्जिनियर नारायणप्रसाद चौधरी, भण्डार सहायक सरोज श्रेष्ठ, उपनिर्देशक (लेखा) कृष्णबहादुर केसी, ११ औं तहका देव शर्मा पौडेल, वितरण तथा ग्राहक सेवाका लेखा अधिकृत सुशीलप्रसाद खनाल, विद्युत विकास आयोजनाका पूर्वसंयोजक महेशप्रसाद अचार्य, इन्जिनियर प्रमोद रिजाल, कृष्णबहादुर केसी, भरत रूपाखेती, मदन चापागाईं र प्रज्ज्वल पाण्डे रहेका छन् ।

त्यसैगरी अख्तियारले त्रिभुवन विमानस्थाल भन्सार कार्यालयका दुई शाखा अधिकृतसहित ८ जना विरूद्ध मुद्दा दायर गरेको छ । मुद्दा दायर हुनेहरूमा शाखा अधिकृत मिनर्मा अधिकारी र शान्तराज रेग्मी एजेन्टहरूमा भरतराज घिमिरे, मीनबहादुर खत्री, शिरिशबहादुर गौतम, विश्वमणी खनाल, शिवप्रसाद ढुंगाना, ऋषिराम जम्मकट्टेल रहेका छन् । उनीहरू सबैलाई भ्रष्टाचार नियन्त्रण निवारण ऐन अनुसारको हदैसम्मको जरिवानाको माग गरिएको छ । प्रमुख भन्सार अधिकृत दिव्यराज पोखरेल, भन्सार अधिकृतहरू मीनबहादुर अधिकारी, उद्धव ढुंगाना, लक्ष्मीदत्त रेग्मी, राजेन्द्र बस्नेत, ध्रुवबहादुर रेग्मीलाई भने निजामती सेवा ऐन बमोजिमको विभागीय कारबाही गर्न अर्थ मन्त्रालयलाई लिखित निर्देशन दिएको अख्तियारका प्रवक्ता श्रीधर सापकोटाद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

'अख्तियारले कर्मचारीहरूलाई पक्राउ गरी मुद्दा दायर गरेकोप्रति कर्मचारी संगठनहरूले विरोध जनाएकोमा आयोगले भ्रष्टाचार नियन्त्रण गर्न गरिरहेको भूमिकालाई उपेक्षा गर्दै कर्मचारी संगठनहरूले अपराधको गाम्भीर्यतालाई नबुझी विरोध गरेको प्रति खेद प्रकट गर्दछ ।' विज्ञप्तिमा भनिएको छ । पछिल्लो समयमा आयोगले आफूले नियन्त्रणमा लिएका व्यक्तिहरूलाई लामो समयसम्म मुद्दा नचलाई राख्ने गरेकोमा अहिले छिटो छिटो मुद्दा चलाउनुले आयोगको कामकारबाहीप्रति जनता भने सकारात्मक देखिएका छन् । जनता भन्छन्, भ्रष्टाचार नियन्त्रण हुनै पर्दछ । आयोगले डर, धम्की, भेदभावविना भ्रष्टाचारीमाथि कारबाही गर्नै पर्दछ ।

"Centrally Located For Your Convenience"

"JUST SIT BACK & AWAIT THE SAFE ARRIVAL OF YOUR GOODS WITHOUT ANY WORRY"

OUR SERVICE INCLUDES

- Advice on price and reliable manufacture for the purchase of Garments, Carpets, Handicrafts ets.
- Receiving and handling orders and paying manufacturers during your absence
- Collection and careful packing of your goods.
- All paper work, document ation, customs clearance and delivery of goods to the airport.
- References available wordwide

Ritual Freight P. Ltd.
Thamel, P.O. Box : 10344, Kathmandu, Nepal
Tel : 4251942/4253842, Fax : 977-1-4251842
Email : dilli@rfl.wlink.com.np

# रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिए निर्वाचनमा जान्छौं

*नेपाल समावेशी पार्टीका केन्द्रीय अध्यक्ष मोतीलाल भारतीले नेपालको राजनीतिमा २००७ सालदेखी अहिले सम्मको अवस्था हेर्दा राष्ट्र र राष्ट्रियता प्रति वफादार नेता देखिएनन् भन्ने अवस्था रहेको छ भन्ने बताउँदै नेपाली कांग्रेसका नेता विपी कोइरालाले २०३३ सालमा राष्ट्रिय मेलमिलापको नीति लिएर भारतबाट स्वदेश फर्किएको अवस्थामा नेपालको राजनीति जस्तो थियो अहिले पनि त्यस्तै अवस्थामा राजनीति रहेको बताएका छन् । २०३३ सालमा वि.पी कोइरालाले लिएको मेलमिलापको नीति नै उत्तम नीति थियो, तर त्यसबेला बीपीले आफुले भने जस्तो कार्य गर्न नपाएको तितो सत्य यथावत छ । त्यसबाट पाठ सिकेर राष्ट्रिय मेलमिलापको नीति लिएर सबै राजनीतिक दलहरूले मेलमिलाप गरेरै अगाडी बढ्नुको बदला अहिले कथित ठुला दल भनिएका एमाओवादी,नेपाली कांग्रेस, नेकपा एमाले र केही मधेशवादी दलहरूको मोर्चाले मात्र सहमति गरेर अगाडी बढेको हुनाले मुलुक फेरी द्वन्द्वतिर जाने हो भने चिन्ता जाहेर गर्दै हामीसंगको भेटमा भनेका छन नेपालको राजनीतिमा केहि सहयोग पुयाउनको लागि आफ्नै सक्रियतामा नेपाल समावेशी पार्टी गठन गरेर त्यहि पार्टी मार्फत उनी नेपालको राजनीतिमा सक्रियरूपमा सहभागी हुँदै आएका छन । त्यसै विषयलाई लिएर वहाँसंग गरिएको एक छोटो कुराकानी*



**मोतीलाल भारती**
अध्यक्ष, नेपाल समावेशी पार्टी

**० तत्कालीन नेकपा माओवादीले चलाएको १० वर्षे जनयुद्धको लक्ष्य के ?**

२०४६ सालपछि पनि २०४६ सालको जनआन्दोलनबाट प्राप्त भएको उपलब्धीहरु पनि सदुपयोग हुन सकेका छैनन् । २०५२ सालदेखी तत्कालीन नेकपा माओवादीले चलाएको कथित जनयुद्धका समयमा मान्छेको हत्या गर्ने विकास निर्माणका संरचनाहरु ध्वस्त पार्ने सामन्ती भन्दै व्यक्तिहरूको सम्पत्ति घर जग्गा आफ्नो कब्जामा लिने बाहेक माओवादीले केहि गर्न सकेन । जनतालाई मुक्ति दिलाउने भन्दै जनतालाई भुक्याएर आफु मालिक र जनता दास जस्तो भएको व्यहार माओवादीले देखाएको र २०६४ सालमा भएको संविधानसभाको निर्वाचनमा अन्य दल भन्दा केहि बढी सिट जितेको घमण्ड लिएर संविधानसभामा हालको एकीकृत नेकपा माओवादी पुगेको हुनाले उसैको कारण संविधान निर्माण नभएको हो । विभिन्न जातजाती हरूलाई उचालेर एकल जातिय पहिचानको आधारमा सविधान निर्माण गर्ने प्रयासलाई अन्य दलहरूले रोकेर मुलुकमा जातजाति मारकाट हुने अवस्थाबाट बचाएका छन् ।

**० जनतालाई मुक्ति दिने भनेर आन्दोलनमा गएकाहरूबाट जनताले के मुक्ति पाएत ?**

तपाई कस्तो कुरा गर्दै हुनुहुन्छ जनतालाई मुक्ति दिने भनेर तिनै जनतालाई पेल्ने ठेग्ने थर्काउने काम एमाओवादी नेतृत्वले गरेको हुनाले जनआन्दोलनमा ज्यान फालेर लागेका लडाकुहरु समेत अहिले एमाओवादीबाट अलग भएर अन्यपार्टीमा लागेका छन । त्यसैले प्रमाणित हुन्छ एमाओवादीले जनताको मुक्ति होईन आफुसग लडेका व्यक्तिहरूलाई समेत मुक्ति दिन सकेन । कमान्डर लगायतका धेरै कार्यकर्ताहरु नेपाली काँग्रेस लगायत अन्य दलहरूमा प्रवेश गरेको उदाहरण त हाम्रै सामु छन । त्यसैले प्रमाणित गर्दछ,जनताको नाममा जनतालाई ठग्ने रणनीति अनुसार एमाओवादी अगाडी बढेको छ ।

चारदलको सहमतिमा मात्र निर्वाचन सम्भव छ त ?

चारदलले मात्र सहमति गरेर जवर्जस्ती रूपमा सविधानसभाको दोश्रो निर्वाचन गराइएपनि ग्यसले सार्थक परिणाम दिदै दिंदैन दिनै सक्दैन । अहिले नेकपा - माओवादी सहितका हामी ३३ दल आन्दोलनमा छौं, ३३ दलको सहभागितालाई अनिवार्य बनाउन ३३ दलले केहि माग उठाएको छ ति मागपुरा भएको खण्डमा हामी निर्वाचनमा जान तयार छौं । तर हाम्रा मागहरु पुरा नगरी निर्वाचन गराईए त्यो निर्वाचन निर्वाचनका लागि निर्वाचन हुने र त्यसले वैधानिकता नपाउने निश्चित छ निर्वाचन त पूर्व राजाले समेत गराएका थिए, तर त्यसले वैधानिकता पाएन अहिले मंसिर ४ मा गर्ने भनिएको निर्वाचन पनि त्यस्तै हो ।

**० तपाईको पार्टी लगायतका अन्यकेही पार्टीहरू र कम्युनिष्ट पार्टी होइनन् क्यारे तर तपाईहरू कम्युनिष्ट पार्टीले नेतृत्व गरेको पार्टीको आन्दोलनमा सहभागी हुनुहुन्छ किन ?**

हो हामी कम्युनिष्ट विचारधारामा विश्वास गर्दनौं,हामी पूर्ण समाजवादी विचारधारामा विश्वास राख्छौं हामी डेमोक्रयाट हौं ,तर नेकपा माओवादीसग हाम्रा केही मागहरु मिलेको हुनाले साझा एजेन्डाका विषयमा मात्र हामीले त्यहाँ सहमति जनाएका हौ ।

**० तपाईको पार्टीको प्रमुख माग भनेको के हो ? के भएमा तपाईको पार्टी निर्वाचनमा भाग लिन्छ ?**

नेपाल समावेशी पार्टीको केन्द्रीय समितिको निर्णयले मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीले प्रधानन्यायाधीशबाट राजीनामा दिएको खण्डमा हामी निर्वाचनमा जान तयार छौं । त्यसैका लागि हामीले निर्वाचन आयोगमा दल दर्ता गरी निर्वाचनको चुनाव चिन्ह समेत पाईसकेका छौं । तर चारदलले षडयन्त्रगरी हामीलाई निर्वाचनमा जान नदिने कार्य अगाडी बढाउँदै गएको आभास हामीले पाएका छौं । रेग्मीले प्रधानन्यायाधीशबाट राजीनामा दिएको एक घण्टाभित्रै हामी आन्दोलनका कार्यक्रम छोडेर निर्वाचनमा जाने प्रतिवद्धता नेपाली जनतालाई गराउन चाहन्छौं ।

**० केही समय पहिला तपाईलाई त पार्टीको साधारण सदस्य समेत नरहने गरी पार्टीबाट निष्काशन गरिएको समाचार आएको थियो नि के हो त्यो ?**

जस्ले जस्तो प्रचार प्रसार गरेपनि तिनीहरूले पार्टीको विधान र संगठनिक संरचना नै विचार नगरि मिडियामा मेरो चरित्र हत्या गर्ने उद्देश्यले मात्र त्यस्तो प्रचार प्रसार गरेका हुन । पार्टीको विधानमा व्यवस्था भएनुसार सबै चल्नु पर्दछ, विधानलाई एकातिर पन्छाएर केही अगाडी बढन सक्ने अवस्था छैन । पार्टीको विधान अनुसार केन्द्रीय अध्यक्षमा आउनका लागि ईकाई समिति,नगर गाउँ समिति क्षेत्रीय समिति र जिल्ला समितिको महाधिवेशन पश्चात मात्र केन्द्रीय महाधिवेशन हुन सक्छ त्यसबाटमात्र केन्द्रीय अध्यक्षमा आउन सक्ने विधानमा स्पष्ट व्यवस्था हुँदाहुँदै पार्टीमा प्रवेश गरेको दुई चार दिन भित्रैमा केही व्यक्तिहरूले अध्यक्षलाई (अर्थात मलाई) घेरावन्दी गरि अध्यक्ष विरुद्ध अविश्वासको प्रस्ताव ल्याउन खोजेका हुँदा त्यस्ता व्यक्तिलाई पार्टीको विधान अनुसार स्पष्टीकरण सोधिएकोमा उनीहरु पार्टीको सम्पर्कमै नआई स्पष्टीकरण नदिएर बसेकोले उनीहरूलाई पार्टीबाट निष्काशन समेत गरिएको र त्यसको जानकारी निर्वाचन आयोगलाई गराइ सकेको छ । त्यतिमात्र होईन पार्टीको लेटरप्याड छाप समेत उनीहरूले दुरूपयोग गरेको हुनाले आवश्यक कारवाहीका लागि पार्टीले प्रहरी प्रशासनमा लेखि पठाउन केन्द्रीय समितिले निर्णय समेत गरेको छ ।

**० कारवाहीमा परेको व्यक्तिहरू को को हुन त ?**

त्यसरी कारवाहीमा परेका व्यक्तिहरु निम्न छन विष्णुबहादुर कार्की, रूपबहादुर चौहान, प्रेमछिरी शेर्पा, श्रवणप्रसाद चौलागाई,नेत्रप्रसाद पौडेल,रामप्रकास निरौला, दुर्गा पराजुली,कृष्ण बस्नेत,हेमचन्द्र भट्टराई इन्दीरादेवी पौडेल, पदमप्रसाद गुरागाई, विष्णु सिवाकोटी र श्यामबहादुर परियार रहेका छन । अर्को सत्य कुरा सुन्नुहोस २०७० साल असार ३० गते बसेको केन्द्रीय समितिको बैठकले पार्टीका महामन्त्री पुण्यबहादुर लामालाई पार्टी हित विपरित कार्य गरेको भन्दै पार्टीको साधारण सदस्य समेत नरहने गरि हटाइएकोमा माथी उल्लेख गरिएका सबै साथीहरूले म्याईनुटमा सही गरेका छन तर पछि उहाँहरु वहाँकै पक्षमा लागेर अध्यक्षलाई नै हटायौ भनेर वक्तव्यबाजी गर्दै हिँडनुले वहाँहरूको नियत के रहेछ भनि प्रष्ट भएको छ ।

**० अन्तमा के भन्न चाहनुहुन्छ ?**

सबै मिलेर संविधानसभाको दोस्रो निर्वाचन गरौं , चारदलको मात्र मुलुक पेवा होईन, सबैदललाई समग्र अवसर दिएर निर्वाचनमा जान सक्ने वातावरण बनाऔं त्यसका लागि आफ्नो ठाउँबाट सहयोग गर्न हामी तयार छौं हाम्रो पार्टीको चुनाव चिन्ह सुगा हो त्यसैमा मत दिएर सहयोग गर्न हामी सम्पुर्ण नेपाली दाजुभाई दिदिबहिनिहरूमा हार्दिक अपिल गर्दछु ।

## vjsb

### विमलले बचाए नेपाललाई

काठमाडौं । खेल इन्जुरी समयमा पुगिसकेको छ । एक गोलले पछाडि रहेको अवस्थामा कुनै पनि टोलीलाई गोल फर्काउन निकै मुस्किल हुनेगर्छ । त्यो समीकरणमा बराबरी गोल फर्काउन जादु नै हुनुपर्छ सायद ।

आठौं साफ फुटबल च्याम्पियनसिपअन्तर्गत समूह 'ए'को दोस्रो खेलमा मंगलबार पाकिस्तानविरूद्ध नेपालको अवस्था पनि यस्तै थियो । तर, युवा स्ट्राइकर विमल घर्तीमगरले त्यस्तै जादु गर्दै नेपाललाई पराजयबाट जोगाए । खेलको इन्जुरी समयको पहिलो मिनेटमा १६ वर्षीय विमलले जादुमयी गोल गरेपछि नेपालले पाकिस्तानसँग १-१ को बराबरी खेल्दै अंक खोस्न सफल भएको छ ।

पाकिस्तानसँगको बराबरीसँगै नेपालका लागि सेमिफाइनल प्रवेश गर्न भारतविरूद्ध हुने समूह चरणको अन्तिम खेल कुर्नुपर्ने भएको छ । चार अंकका साथ नेपाल समूह 'ए'को शीर्ष स्थानमै छ । हल्चोक मैदानमा बंगलादेशसँग १-१ को बराबरी खेलेको भारत चार अंकका साथ दोस्रो स्थानमा छ । गोलअन्तरमा नेपाल शीर्ष स्थानमा रहेको हो । तेस्रो र चौथो स्थानका पाकिस्तान र बंगलादेशको समान एक-एक अंक छ । प्रतियोगिताको अन्तिम चारमा पुग्न नेपाललाई भारतसँग कम्तीमा बराबरीको नतिजा निकाल्नुपर्नेछ । राष्ट्रिय टोलीबाट पहिलो आधिकारिक प्रतियोगिता खेलेका विमललाई प्रशिक्षक ज्याक स्टेफानोस्कीले खेलको ६७औं मिनेटमा अन्तिम अस्त्रका रूपमा मैदानमा प्रवेश गराएका थिए । उनले अन्ततः प्रशिक्षक स्टेफानोस्कीको विश्वासलाई खेर जान दिएनन् ।



इन्जुरी समयको पहिलो मिनेटमा कप्तान सागर थापाको प्रहारलाई पाकिस्तानी गोलरक्षक युसाफ इजाज बटले एक हातले पन्च गरेका थिए । विमलले रिबाउन्ड बलमा सिक्सयार्ड बक्सअघि सशक्त प्रहार गर्दै बराबरी गोल फर्काए । उनको गोल जति सुन्दर थियो, त्योभन्दा बढी सुन्दर आनन्दको अनुभूति गर्ने अवसर दर्शकले पाए ।

विमल यो गोल ऐतिहासिक हुनेछ । उनी राष्ट्रिय टोलीबाट कम उमेरमा गोल गर्ने पहिलो नेपाली खेलाडी बनेका छन् । गोल गरेसँगै पूरै रंगशाला विमलको नामले गुन्जिएको थियो । रंगशालामा उपस्थित २२ हजार दर्शकले अन्त्यसम्म एकै स्वारमा 'विमल-विमल' भनी हुटिङ गरेका थिए ।

यसअघि खेलको १३औं मिनेटमै नेपाल पछि परेको थियो । भरत खवासले अद्नान अहमेदलाई फल गरेपछि पाकिस्तानले फ्रिकिक पाएको थियो । अहमेदले प्रहार गरेको फ्रिकिकमा स्ट्राइकर हसन बसिरले डिबक्स लाइन बाहिरबाट उत्कृष्ट गोल गर्दै पाकिस्तानलाई १-० ले अघि राखेका थिए ।

पाकिस्तानसँगको खेलमा नेपालको प्रदर्शन एकनासको भएन । प्रशिक्षक स्टेफानोस्कीले पाकिस्तानविरूद्ध भरतलाई मिडफिल्डको जिम्मेवारी दिए । अनिल गुरूङ र जुमानु राईलाई सेन्टर स्ट्राइकरमा राखेका थिए । तर, पहिलो हाफको सुरूवातमै भरपर्दा स्ट्राइकर अनिल चोटग्रस्त हुँदै मैदानबाट बाहिरिएपछि नेपाललाई अर्को झड्का लागेको थियो ।

### रेकर्ड राख्दै बेल म्याड्रिडमा



म्याड्रिड । स्पेनिस दिग्गज क्लब रियल म्याड्रिडले अन्ततः आइतबार राति टोटह्यामका युवा स्ट्राइक गेराथ बेललाई कीर्तिमानी रूपैयाँमा भित्र्याउन सफल भएको छ । रियलले बेललाई विश्व कीर्तिमानी आठ करोड ८६ लाख पाउन्ड खर्चिएको ब्रिटिस मिडियाले जनाएका छन् । लामो समयदेखि रियलले बेललाई पछ्याइरहेको थियो । पछिल्लो समयसम्म टोटनह्यामले बेललाई नबेच्ने पक्षमा थियो । यसअघि खेलाडी किनबेचको इतिहासमा क्रिस्टियानो रोनाल्डो सर्वाधिक महँगा खेलाडी थिए । सन् २००९ मा म्यानचेस्टर युनाइटेडलाई रियलले आठ करोड पाउन्ड खर्चदै रोनाल्डोलाई भित्र्याएको थियो । एजेन्सीका अनुसार बेलले रियलसँग ६ वर्षको सम्झौता गरेका छन् । उनले प्रतिसाता तीन लाख पाउन्ड पाउनेछन् ।

### एन्जल्स हार्ट र एआइए विजयी

काठमाडौं । एन्जल्स हार्ट र अवेरनेस इन्टरनेसनल एकेडेमी (एआइए)ले सोमबार आठौं ग्रिनल्यान्ड अन्तर विद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरूषतर्फ जित हात पारेका छन् । एन्जल्स हार्टले केएमसीलाई २८-१६ ले पराजित गऱ्यो । टोलीको जितमा दीपेश पुनले १३ स्कोर गरे । एआइएले बसुन्धारा नेसनल एकेडेमीलाई ३०-२१ ले हरायो । एआइएको जितमा निश्चल कार्कीले १५ स्कोर गरे । जुनियर पुरूषमा टिआइएँए, एन्जल्स हार्ट, ओडिसी, ज्ञान निकेतन र साबिक विजेता इनोभेटिभ विजयी भएका छन् । टिआइएले केएमसीलाई २५-११ ले पन्छायो । एन्जल्स हार्टले दीपज्योतिमाथि १९-१२ को जित दर्ता गऱ्यो । ओडिसीले नेपाल मोडेललाई ४२-३० ले निराश पाऱ्यो । ज्ञान निकेतनले एआइएमाथि १६-१५ को कठिन जित प्राप्त गऱ्यो ।

### पेनकेक सिलातमा ठकुरी

काठमाडौ । नेपाल पेनकेक सिलात मार्सल आर्ट संघको अध्यक्षमा टीकाराम ठकुरी चार वर्षका लागि निर्विरोध निर्वाचित भएका छन् । संघको पहिलो साधारणसभाले ठकुरीको अध्यक्षतामा १७ सदस्यीय केन्द्रीय कार्यसमितिको समेत निर्विरोध चयन गऱ्यो । उपाध्यक्षद्वयमा युवराज श्रेष्ठ र अशोककुमार सुवेदी रहे । महासचिवमा राजकुमार श्रेष्ठ, सचिवमा भीम लामा र कोषाध्यक्षमा नमिता राई रहेका छन् । सदस्यमा रामबहादुर थापामगर, कमल शाही, गोपाल पौडेल, सुरेन्द्र पुरी, साजनकुमार थापा, भक्तबहादुर वन, विशाल तामाङ, विक्रान्त केसी, विक्रम पुरी, सुरेन्द्र महत र टेकबहादुर पुरी छन् ।

## बलम्बुमा सशस्त्र प्रहरीको तालिम सुरु

काठमाडौं । नेपाल एपीएफ अस्पताल बलम्बु काठमाडौंमा 'इमरजेन्सी फस्टएड एण्ड म्यानेजमेन्ट अफ डेड बडी आफ्टर डिजास्टर' तालिमको सशस्त्र प्रहरी नायव महानिरीक्षक पुष्पराम के.सी.ले कार्यक्रमका बीच उद्घाटन गरेका छन् । नायव महानिरीक्षक के.सी.ले कुनै पनि किसिमको विपद्को अवस्थामा आपतकालिन प्राथमिक उपचार तथा विपद्बाट क्षति भएको धनजनको उचित व्यवस्थापनको लागि यस्ता तालिम प्राप्त जनशक्तिले योगदान पुऱ्याउन सक्ने बताए । उनले सशस्त्र प्रहरी बलका राष्ट्रसेवकहरू कार्यक्षेत्रमा परिचालित रहेको अवस्थामा कुनैपनि किसिमको विपत्ती आइपरेको खण्डमा तालिमबाट सिकेको ज्ञान तथा कलाकौशललाई सही रुपमा उपयोग गर्नुपर्ने उल्लेख गरे ।

कार्यक्रममा सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक रवि थापाक्षेत्रीले स्वागत मन्तव्य राख्दै संगठनको सफलता कार्यरत जनशक्तिको दक्षता र कुशलतामा निर्भर गर्ने चर्चा गरेका थिए । उक्त कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका निर्देशक करुणा श्रेष्ठ लगाएत एपीएफ अधिकृत तथा जवानहरूको उपस्थिति रहेको थियो । तालिममा आपतकालिन प्राथमिक उपचार तथा विपद् पछि मृत शरीरको व्यवस्थापन सम्बन्धी प्रशिक्षण दिइने कुरा सो अवसरमा जानकारी गराइएको थियो । उक्त तालिममा एपीएफ अधिकृत तथा जवान गरी कूल २४ जना प्रशिक्षार्थीहरूको सहभागीता रहेको छ ।

## निर्वाचनमा लागि सशस्त्रको सुरक्षा तैनाथीमा बृद्धि

काठमाडौं । आसन्न संविधानसभाको निर्वाचनलाई लक्ष्यीत गरेर सशस्त्र प्रहरी बलले सुरक्षा तैनाथीमा बृद्धि गरेको छ । आफु तैनाथ इलाकाहरूमा शान्ति सुरक्षा कार्यलाई प्रभावकारी तुल्याउन बलले नियमित ड्युटी तथा गस्तीमा प्रभावकारीता ल्याएको छ । सशस्त्र प्रहरी बलले देश भरिमा गरी आठ सय भन्दाबढी ड्युटी परिचालन गरेको छ । विभिन्न ठाउँमा हुने नियमित ड्युटी तथा गस्तीमा गरी हाल करीब नौ हजार जना भन्दा बढी सशस्त्र प्रहरी कर्मचारी दैनिक रूपमा परिचालित रहेका छन् ।

सशस्त्र प्रहरी बलले नागरिकको सेवा, सुरक्षा तथा आपत विपद्मा परेकाहरूलाई उद्धार कार्यको लागि तैनाथ गरेको इमिडियट रेस्पोन्स टीम (आइआरटी) समेत आ्नो जिम्मेवारी इलाकामा कृयाशिल रहेको छ । हाल काठमाडौं उपत्यकामा तीन ठाउँमा आइआरटी रहेको छ भने पूर्वमा १७, मध्यमा २२, पश्चिममा १४, मध्यपश्चिममा १४ र सुदूरपश्चिम क्षेत्रमा ५ वटा आइआरटी हाल तैनाथ रहेको छ । आइआरटीको साथमा एम्बुलेन्स समेत रहेको छ । पाँचै क्षेत्रमा गरी १६ वटा एम्बुलेन्स आपतकालिन सेवाको लागि तैनाथ गरिएको छ । यसैगरी सशस्त्र प्रहरी बलले विभिन्न ठाउँमा लङ्ग रेञ्ज पट्रोल (एलआरपी) समेत परिचालन गरेको छ । कार्यालयबाट धेरै टाढासम्म शान्ति सुरक्षा कार्यमा एलआरपी परिचालित भइरहेको छ ।

## /Elg va/

## भृकुटीमण्डपमा होचापुड्काको तिज

काठमाडौं । केही दिनयता जताततै तिजको माहोल देखिन थालेको छ । नेपाली महिलाको विशेष पर्व हरितालिका तिज नजिकिँदै जाँदा होचापुड्का कलाकारलाई पनि उक्त रौनकताले छोएको छ ।

होचा पुड्का कलाकारले बुधबार राजधानीको



भृकुटीमण्डपस्थित फुलबारी बगैचामा तिज विशेष सांस्कृतिक कार्यक्रम आयोजना गऱ्यो । जहाँ, उनीहरूले रातो सारीमा सजिएर धित् मरूञ्जेल कम्मर मर्काए । 'वर्षमा एकपटक आउने चाँड हो' नेपाल होचा पुड्का संघकी सचिव तथा कलाकार सुन्दरी मिश्र भन्दै थिइन्, 'यो मौकामा पनि ननाचेर कहिले नाच्ने ?'

खुल्ला बचत तथा ऋण सहकारी संस्थाले सहकार्य गरेको 'तिज विशेष सांस्कृतिक कार्यक्रम-२०७०' मा तीन सयभन्दा बढी महिलाको सहभागिता थियो । ती सहभागी महिला होचा पुड्का कलाकारसँग रमझम गर्न पाउँदा दंग थिए । 'निकै रमाइलो भइरहेको छ' एक सहभागी महिलाले भनिन्, 'पार्टी प्यालेस र होटलमा भएर कार्यक्रम र खुला स्थानमा नाचगान गर्नुको मज्जा छुट्टै हुँदोरहेछ ।'

होचा पुड्का संघका अध्यक्ष लोकनाथ ढकालले संस्कृति परम्परा धान्न तिज कार्यक्रम आयोजना गरेको सुनाए । उनले भने, 'तिज नेपाली नारीको सांस्कृति तथा धार्मिक पर्व हो । यो पर्व सबैले संघसंस्थाले नाचगान गरेर मानिरहेका बेला हामीले पनि कार्यक्रम गरेका हौं । हामीसँग खुला बचत सहकारी संस्थाले पनि सहकार्य गरेको छ ।' ढकालले सोचेभन्दा राम्रो कार्यक्रम भएको बताए ।

## दिवंगत वसन्तको परिवारलाई जन्जिरको साथ

काठमाडौं । शुक्रबारबाट प्रदर्शन हुन लागेको नेपाली चलचित्र 'जन्जिर'ले दिवंगत कुकुम्यान वसन्त लिम्बूको परिवारलाई आर्थिक सहयोग गर्ने भएको छ । सोमित बस्नेतको निर्देशनमा करण श्रेष्ठ 'क्रेजी'ले निर्माण गरेको जन्जिरले बुधबार राजधानीमा पत्रकार सम्मेलन गरी गत वर्ष असोजमा लोकेसन हेर्न जाने क्रममा नदीमा डुबेर निधन भएका वसन्तको परिवारलाई राजधानीका हलमा जन्जिरले प्रदर्शनको पहिलो सोमा गर्ने व्यापारको निर्माताको भागमा पर्ने सबै रकम उपलब्ध गराउने घोषणा गरेको हो । जन्जिरबारे जानकारी दिन आयोजना गरिएको कार्यक्रममा निर्देशक सोमित बस्नेतले जन्जिरका साथै आफूले निर्माण गरेको अर्को चलचित्र 'जाऔं हिंड पोखरा'को पहिलो सोबाट आर्जन हुने रकम पनि वसन्तको परिवारलाई सहयोग गर्ने बताए । उनले वसन्त आफ्नो भाइकैं भएको र मानवीय नाताले उनको परिवारलाई सहयोग गर्न चाहेको उल्लेख गरे ।

चलचित्र पत्रकार संघका महासचिव लक्ष्मण सुवेदीको सभापतित्वमा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि चलचित्र निर्माता संघका अध्यक्ष राजकुमार राईले जन्जिरले दिवंगत वसन्तको परिवारलाई रकम सहयोग गरेर पुण्यको काम गर्न लागेकोमा खुसी व्यक्त गर्दै चलचित्रको सफलताको कामना गरे । निर्माता करण क्रेजीले जन्जिर पूर्णतया मनोरञ्जक चलचित्र भएकाले दर्शकको मन जित्नेमा आफू विश्वस्त भएको बताए भने वितरक गोपाल कायस्थले जन्जिर कमर्सियल भएकाले सफल हुनेमा ढुक्क भएको बताए ।

केआर इन्टरटेन्मेन्टको ब्यानरमा बनेको चलचित्रमा जयकिसन बस्नेत, हर्षिका श्रेष्ठ, रिया श्रेष्ठ, सुनील रावल, सुमन लामा, सुस्मिता शाही, सुनील गुरुङलगायतले अभिनय गरेका छन् । राजेश खड्गी र मोहनकृष्ण श्रेष्ठ निर्माता रहेको चलचित्रमा टंक बुढाथोकीको संगीत छ । जन्जिर सुशील पंगेनीले लेखेका हुन् ।

## कलाकार संघको उपलब्धि सार्वजनिक

काठमाडौं । नेपाल चलचित्र कलाकार संघका अध्यक्ष नवल खड्काले आफ्नो ११ महिने कार्यकालको समीक्षा गरेका छन् । गत वर्ष असोजमा संघको अध्यक्षमा निर्वाचित नवलले आइतबार राजधानीमा पत्रकार सम्मेलन गरी चुनावमा उठ्दा आफूले कबोलेका कार्ययोजना, प्रतिबद्धता र अहिलेसम्म प्राप्त उपलब्ध सार्वजनिक गरेका हुन् ।



सञ्चारकर्मीमाझ अध्यक्ष खड्काले आफूहरूले विभिन्न डेढ दर्जन काम सम्पन्न गरेको सुनाए । उनले संघले विज्ञापनकर्मीसँग मैत्रीपूर्ण फुटबल सम्पन्न गर्नुका साथै बागमती सरसफाइ अभियान चलाइएको बताए । त्यसैगरी, कलाकारको वनभोज, अल्का अस्पतालमा कलाकारलाई स्वास्थ्योपचारमा ५० प्रतिशत छुट, स्वास्थ्यशिविर, कलाकारका छोराछोरीको अध्ययनका लागि छात्रवृत्तिको पहल, कलाकार बिमा, कलाकार कल्याणकारी कोषको स्थापना, सहकारी सञ्चालन, कार्यालय व्यवस्थापन, वेबसाइट सञ्चालनलगायतलाई पनि उनले संघले हासिल गरेको उपलब्धिका रूपमा प्रस्तुत गरे ।

कार्यक्रममा आगामी २९ भदौमा संघको वार्षिक साधारणसभा गरिने र त्यसमा अभिनेता कृष्ण मल्ललाई ५१ हजार नगदराशिको पुरस्कार, मिथिला शर्मालाई नगद १५ हजार राशिको शान्ति मास्के पुरस्कार प्रदान गरिने बताइयो । संघले चलचित्र कलाकार संघ विशेष सम्मानबाट यो वर्ष सगरमाथा आरोही अभिनेता नायक अर्जुन कार्की र अभिनेत्री निशा अधिकारीलाई सम्मान गर्ने भएको छ । त्यस्तै, संघले कान्तिपुर साप्ताहिकका पत्रकार कृष्ण भट्टराई, डिसी नेपाल डटकमका दीपेशराज थारु, राजाराम पौडेल, सुशील पोखरेल, श्रीराम पुडासैनी र हास्यअभिनेता विल्सनविक्रम राईलाई सम्मान गर्ने जनाएको छ ।

## skf/6

## एभरेष्टको मोबाइल एटिएम

काठमाडौं । एभरेष्ट बैंकले ग्राहकका लागि मोबाइल एटिएम सुविधा सुरू गरेको छ । बैंकले नेपालमै पहिलोपटक शाखारहित बैंकको अवधारणा ल्याई ग्राहकलाई शाखारहित बैंकिङ सुविधा उपलब्ध गराएको थियो । सुविधाअन्तर्गत अबदेखि ग्राहकले बैंकका कुनै पनि शाखासम्म पुग्नुपर्ने छैन । बैंकले तोकिदिएका मुलुकभर रहेका व्यापारिक प्रतिनिधिकहाँ गई ग्राहकले आफूले इच्छाएको रकम भुक्तानी पाउन सक्नेछन् ।

बैंकका व्यापारिक प्रतिनिधिमार्फत ग्राहकले आफूले चाहेको शाखामा खाता खोल्ने सुविधा पनि पाउन सक्ने बैंकले जनाएको छ । हाल ग्राहकले आफ्नो खातामार्फत भारतको पन्जाब नेसनल बैंकका कुनै पनि शाखा तथा अन्य मुलुकबाट समेत रकम पठाई नजिकैका कुनै पनि एभरेष्ट बैंकको शाखाबाट रकम झिक्न सक्नेछन् । बैंकका हाल ५० शाखा, पाँच विस्तारित काउन्टर, २० राजस्व संकलन काउन्टर तथा ६८ एटिएम मेसिन सञ्चालनमा छन् ।

## बिओकेको लाभांश पारित

काठमाडौं । बैंक अफ काठमाण्डू (बिओके) ले आव ०६९/७० मा ६१,७०,९०,०३० खुद मुनाफा आर्जन गर्न सफल भएको छ । बैंक सञ्चालक समितिको बुधबार बसेको बैठकले राष्ट्र बैंक तथा बैंकको वार्षिक साधारणसभाबाट स्वीकृत भएपछि सेयरधनीलाई क्रमशः नगद लाभांश १,२४,११,३४७ वितरण गर्ने निर्णय पारित गरेको छ । बैंकले आव ०६९/७० अन्त्यमा रहेको चुक्ता पुंजी र बोनस सेयर गरी १४ प्रतिशत वितरण गर्ने निर्णय गरेको छ । आव ०६९/७० अन्त्यमा बैंकको कुल निक्षेप तथा कर्जा-सापट क्रमशः गत आवको तुलनामा १०.८४ र १९.३१ प्रतिशत बढेको छ । बैंकका हाल मुलुकभर शाखा सन्जाल ५६ र एटिएम ५० पुगेका छन् ।

## सेन्चुरीको शाखारहित सेवा

काठमाडौं/ सेन्चुरी बैंकले कैलालीको चौमालामा शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ । चौमालासहित बैंकको शाखारहित संख्या चार पुगेका छन् । शाखा उद्घाटन सशस्त्र प्रहरी उपरीक्षक हर्कबहादुर रावलले बुधबार गरेका हुन् । कार्यक्रममा सेन्चुरी बैंक धनगढी शाखा प्रबन्धक नारायण मुडवरीले शाखारहित बैंकिङ सेवाबाट चौमालाका करिब २५ सय ग्राहकलाई सेवा प्रदान गरिने बताए ।

## बिओकेको २० स्थानबाट शाखारहित सेवा

काठमाडौं । बैंक अफ काठमाण्डू (बिओके)ले एकैसाथ २० स्थानबाट शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ । शाखारहित बैंकिङ सेवा सुरु गरिएका स्थानमा बाग्लुङको पैयुँपाटा र सिंगाना, कैलालीको चौमाला बजार र याफ गाउँ, कञ्चनपुरको गुलरिया बजार, बर्दियाको शीतला बजार, राजापुर र जयनगर, चितवनको जुटपानी, बाँकेको ढकेरी र बनियाभार, मकवानपुरको फुर्केचौर र बेलीडाँडा रहेका छन् ।

त्यस्तै, बैंकले सुर्खेतको छेडा, डडेलधुराको भातकाँडा र बगरकोट, झापाको दुधेबजार, बाराको डुमरवाना, महोत्तरीको सर्पलो बजार र म्याग्दीको बरङजामा पनि शाखारहित बैंकिङ सेवा सुरू गरेको छ ।

सबै स्थानमा खोलिएका शाखा बैंकिङ सेवा उद्घाटन सम्बन्धित गाविससचिवले गरेका थिए । शाखारहित बैंकिङ सेवाअन्तर्गत बैंकले दुर्गम क्षेत्रका सर्वसाधारणलाई लक्षित गरी बचत गर्ने बानीको विकास गर्न घरआँगन बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ ।

## मेगाको सेयर नेप्सेमा सूचीकृत

काठमाडौं । मेगा बैंक नेपालको सेयर नेपाल स्टक एक्सचेन्ज ( नेप्से)मा सूचीकृत भएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल केशरी शाह र नेप्सेका महाप्रबन्धक सीताराम थपलियाले प्रतिसेयरको अंकित तथा चुक्ता मूल्य सय रूपैयाँ कायम रहने गरी २ अर्ब ३३ करोडबराबरको २ करोड ३३ लाख कित्ता सेयर सूचीकरण सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । त्यसमध्ये सर्वसाधारण तथा कर्मचारीको ६९ लाख ९० हजार कित्ता र संस्थापक सेयरधनीको १ करोड ६३ लाख १० हजार कित्ता सेयर रहेको छ । आगामी सातादेखि मेगाको सेयर स्टक एक्सचेन्जमा कारोबार हुने नेप्सेले जनाएको छ ।

## सिटिजन्स बैंकको १५ प्रतिशत नगद लाभांश

काठमाडौं । नेपाल राष्ट्र बैंक तथा सातौं वार्षिक साधारणसभाबाट स्वीकृत भएपछि सिटिजन्स बैंक इन्टरनेसनलले सेयरधनीलाई आव ०६९/७०को वितरणयोग्य मुनाफाबाट १५ प्रतिशत नगद लाभांश वितरण गर्ने निर्णय मंगलबार बसेको बैंक सञ्चालक समितिको बैठकले गरेको छ । सोही अवधिभित्र बैंकले ५६ करोड ७५ लाख रूपैयाँ सञ्चालन मुनाफा र ४१ करोड ३२ लाख खुद नाफा आर्जन गरेको बैंकले मंगलबार जारी विज्ञप्तिमा उल्लेख छ ।

यसैगरी बैंकले देशका विभिन्न दुर्गमस्थलका बासिन्दालाई सर्वसुलभ तथा अत्याधुनिक बैंकिङ् सेवा पुऱ्याउने उद्देश्यका साथ ३५औं र ३६औं शाखारहित बैंकिङ् सेवा क्रमशः भक्तपुर जिल्लाको चाँगुनारायण र काठमाण्डौको तीन पिप्लेबाट आरम्भ गरेको छ ।

देशका प्रत्येक अञ्चलबाट कम्तीमा एउटा शाखारहित बैंकिङ् सेवा प्रदान गर्ने लक्ष्य लिएको बैंकले सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । बैंकले निकट भविष्यमै शाखारहित बैंकिङ् सेवाको संख्या ५०वटा पुऱ्याउने बैंकका प्रमुख सञ्चालन अधिकृत गणेश राज पोखरेलले जानकारी दिए । बैंकले आफ्ना ग्राहकवर्गलाई सेवा विस्तार गर्ने क्रममा सिटिजन्स मोवाइल बैंकिङ सेवा पनि सञ्चालनमा ल्याएको छ । बैंकले निकट भविष्यमा जाजरकोट जिल्लाको खलंगामा, जुम्लाको खलंगा बजारमा र रूपन्देही जिल्लाको सिद्धार्थनगरमा शाखा विस्तार पनि गर्ने भएको जनाएको छ ।

## संविधानको...

आफूलाई हुँदै नभएको अधिार प्रयोग गरेर तत्कालीन प्रधानमन्त्री डा बाबुरामा भट्टराईले संविधानसभाको हत्या नै गरीदिए । हत्या गरिएकै दिन उनले संविधानसभाको दोस्रो निर्वाचन गराउने मिति तोकेपनि तोकिएको मितिमा निर्वाचन त कुरै छाडौँ निर्वाचनका लागि निर्वाचन आयोललाई सम्म पूर्णता दिएनन त्यसैले प्रमाणित हुन्छ डा भट्टराईले निर्वाचन गराउने गरी निर्वाचन मिति तोकेका थिएनन् । अहिले फेरी तिनै असक्षम र नालायक नेताहरू संविधान संसोधन गरिदिन राष्ट्रपति कहाँ गुहार लगाईरहेका छन् । संविधान राष्ट्रपतिले संसोधन गर्न सक्ने सम्वैधानिक व्यवस्था छैन । अन्तरीम संविधानको वाधा अड्काउ फुकाउ धारा १५८ प्रयोग गरेर संविधान संसोधन गर्दै जाने हो भने संविधानसभाको निर्वाचन गर्नुभन्दा यीनै चारदलले संविधान निर्माण गरेर राष्ट्रपतिबाट जारी गर्नलगाउनु नै उत्तम हुँदैन र ?

संविधान कति पल्ट संसोधन गर्ने, संविधान संसोधन गर्दागर्दै मूल संविधान कागजको खोस्टामात्र भइसकेको अवस्थामा फेरी एउटा पार्टीलाई मनाउनका लागि संविधान संसोधन गर्दै जाने हो भने भोली अर्को पार्टी आउला उसलाई पनि सहमतिमा लिन फेरि संविधान संसोधन गर्ने कि ?

आफूलाई कथित ठूला दल हौँ भन्ने दलहरूकै व्यवहारका कारण संविधान थाङथिलो भइसकेको छ । कानूनी व्यवसायीहरूका अनुसार उनीहरूले अदालतमा बहस गर्न जाँदा ११-१२ वटा संविधनका पुस्तकहरू बोक्नु पर्ने अवस्था छ, संविधान संसोधन गरीए नै पिच्छेका दफाहरू थपेका वा झिकीएका दफाहरू एउटै पुस्तकमा नभएका कारण त्यती धेरै पुस्तकहरू बोक्नु पर्ने भएको छ ।

उपेन्द्र यादवसँग भएको सहमति अनुसार संविधान सभामा सदस्यहरूको सङ्ख्या ५८५ पुऱ्याउने सहमति कथित ठूला चारदलले गरेका छन् । त्यही संख्या संविधानमा उल्लेख गर्न संविधान संसोधन गर्नुपर्ने आवश्यकता छ । उता अशोक राईले नेतृत्व गरेको दलले संविधानसभाको सदस्य संख्या ६०१ नै हुनुपर्ने अडान लिएको छ । भोली ५८५बाट संख्या थप्ने सहमति भएमा फेरी संविधान संसोधन गर्ने ? अनि मोहन वैद्यले नेतृत्व गरेको मोर्चा सहमतिमा आएमा फेरी संसोधन गर्ने यो गाइजात्रा कहिले सम्म ? पटक पटक गाइजात्रा गर्नु भन्दा एकैपटक सर्वदलिय वा सर्वपक्षिय सम्मेलन गरेर त्यहीबाट सबै कुराको छिनोफानो गर्न उच्चस्तरीय राजनैतिक संयन्त्रका नेताहरूले किन प्रयास नगर्ने ? खुद्रा-खुद्रीमा सहमति गर्नुभन्दा होलसेलमै सहमति गरेर समस्याको निकास खोज्नु राम्रो होइन र ?

## प्रचण्ड...

यता नेकपा-माओवादीका कार्यकर्ता यति धेरै उम्लेका छन् कि तिनले सडक मार्चा गर्दै 'खुकुरी देउ प्रचण्डलाई छप्काइदिन्छौं, चुनाव बुथोल्छौं-बिथोल्छौं' भनेर नारा लगाएका छन् । प्रचण्ड वाइसिएल र उत्पादन ब्रिगेडलाई परिचालन गरेर दुई तिहाई सिट जित्ने घोषणा गर्दैछन्, ललितपुरको खन्ना गार्मेन्टबाट । अर्थात् मतदाता भोट हाल्दा ६ इन्च काटिने र नहाल्दा जे पनि हुन सक्ने दुई धारे तरबारको खतरामा परेका छन् । स्वच्छ, निष्पक्ष, धाँधलीरहित निर्वाचन एमाओवादीले सपना बनाइदिएको छ ।

प्रजातान्त्रको सिद्धान्त के हो ? मर्यादा र गरिमा के हो ? त्यस अनुरूप मंसिर ४ को निर्वाचनलाई ढाल्न भूमिका खेल्नुपर्ने कांग्रेस-एमाले यो चुनावमा हामी जित्छौं भनेर आत्मरतिमा रमाइरहेका छन् । कांग्रेस-एमाले आज पनि एमाओवादी पुच्छर बनेका छन् । प्रचण्ड रिसाउलान कि भन्ने भयले यी दुवै पार्टी प्रचण्डका अनुयायी जस्ता देखिन्छन् । यसरी स्वत्व हराएका कांग्रेस-एमालेलाई चुनाव भइहाले पनि जनताले मत किन दिने ? अर्को आशंका छ, बाहुबली प्रचण्ड जसरी पनि चुनावलाई अफ्नो पक्षमा बढारेर ल्याउने ताकत अजमाउँदैछन् । के चुनाव प्रचण्डका लागि हुन लागेको हो ? विश्लेषकहरू चकित परेका छन् ।

## चुनाव जित्न...

जस्ता देखिएका छन् । प्रचण्डले गिरिजाप्रसाद जस्ता चंख नेतालाई त थाङ्ना सुताएर आत्मग्लानी मृत्यु मर्न बाध्य पारे भने उनका लागि सुशील कोइराला र झलनाथ खनाल 'किस खेती कि मुली है ?' आफ्नो रणनीति सफल पार्न प्रचण्ड कहिले कांग्रेस त कहिले एमालेसँग प्रतिस्पर्धा हुन्छ भनिरहेका छन् । यसैगरेर प्रचण्डले कांग्रेस-एमालेलाई मंसिर ४ गते धुलो चटाउने निश्चित वातावरण बन्दैछ ।

## राष्ट्रपतिले...

थप्नको लागि पनि संविधान संशोधन आवश्यक छ ।

चार दलीय सिन्डिकेटले पाँच महिनाको समयमा एउटा दललाई मात्र संविधानसभाको आउँदो निर्वाचनमा सहभागी हुन समहत गराएको छ । अशोक राईले नेतृत्व गरेको मोर्चालाई भने उसले सहमतिमा ल्याउन सकेको छैन तर उसँग वार्ता जारी रहेको जनाईएको छ । चार दलीय उच्चस्तरीय राजनीतिक संयन्त्रले अलग अलग दलहरूसँग वार्ता गर्दै जाने र उनीहरूसँग सहमति गर्दै जाने हो भने संविधानसभाका सदस्यहरूको संख्या हत्या गरिएको संविधानसभाको भन्दाबढी हुन सक्ने सम्भावना बढेर गएको छ । राई नेतृत्वको मोर्चाले संविधानसभामा सदस्यहरूको संख्या पहिलाकै जत्तिको अर्थात् ६०१ नै कायम हुनुपर्ने आडान लिएको अवस्थामा भोली उसँग सहमति भएको खण्डमा फेरि संविधान संशोधन गर्नुपर्ने अवस्था आउन सक्ने भएको हुनाले सबै दलको सर्वदलीय सम्मेलन बोलाएर त्यहीँबाट निर्णय गर्नु नै उचित विकल्प भएपनि चारदलीय सिन्डिकेटले सर्वदलीय सम्मेलन स्वीकार नगरेर नेपालको अन्तरिम संविधानलाई धुजाधुजा पार्ने कार्यमा दल दलिय सिन्डिकेट नै लागेको प्रमाणित हुँदै गएको छ ।

नेकपा-माओवादीसहितमा अन्य ३३ दललाई बाहिर राखेर गरिने निर्वाचनले सार्थक परिणाम दिन सक्ने अवस्था छैन । नेकपा-माओवादीसहितका अन्य दलहरू निर्वाचनमा किन आएनन भनेर त्यसैको विषयमा वार्ता केन्द्रित गरेर वार्ता गरेमा वार्ता सफल हुन सक्छ, तर चार दलीय सिन्डिकेट त्यस्तो वार्ता गर्न तयार देखिएको छैन । मंसिर ४ मा गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचनमा सबै दल त्यसमा पनि हत्या गरिएका संविधानसभामा उपस्थिति भएका दलहरूको सहभागिता अनिवार्य शर्त भएको हुनाले संविधानसभाको पालक र संरक्षक भएको नाताले अब राष्ट्रपतिले नै सर्वदलिय बैठक बोलाएर त्यहीँबाट समस्याको निकास खोजेको खण्डमा निकास निस्कन सक्छ, के त्यसका लागि राष्ट्रपति यादव तयार छन् त ?

## मोहन वैद्य...

मोहन वैद्यहरू सक्कली माओवादी हुनै नसक्ने दाबी गर्दै उनीहरूले बडो क्रान्तिकारी काम गरेका छौं भन्ने लागेको होला तर उनीहरू विदेशीको चगुलमा फसीसकेको उनीहरूले थाहा नै नपाएको उद्घोष गर्नुले दाहालको असली अनुहार उदाङ्गो भएको छ । दाहाललाई मोहन वैद्य लगायतका नेकपा-माओवादीका नेताहरू विदेशी दलाल हुन भन्ने लागेको भए कार्यगत एकताको प्रस्ताव किन वैद्यसँग राखियो त्यसैले प्रमाणित हुन्छ, आफ्ना कुरा स्वीकार नगरेपछि दाहाल जस्तोसुकै अभिव्यक्ति दिन पनि पछि पर्दैनन् ।

आफ्नो नेतृत्वमा सरकार गठन भएको बेला धेरै तिरबाट आफू विरूद्ध षड्यन्त्र भएको उद्घोष गर्दै आफ्नो पार्टीको बहुमत नभएकोले ढुक्कसँग आफूले काम गर्न नपाएको र कहिले एमाले रूख चढ्न लगाएर रूखको फेद काट्ने काम गरेर विश्वासघात गरेको त कहिले मधेसी पार्टीजस्ता टुप्पोदेखी पैताला सम्म बदनामहरूको सहयोगमा आफूले सरकार सञ्चालन गर्नु परेको बताउँदै संविधानसभामा आफूले सहमतिको प्रयास गुर्न आफ्नो कमीकमजोरी भएको स्वीकार गरेका छन् ।

एमाओवादी अध्यक्ष दाहाल रूखको पात जतापनि हल्लीन सक्छन् त्यसैगरी सबैतिर हल्लीन सक्ने खुबी भएका नेताको रूपमा चिनिएका छन् । मधेसवादी दलहरूलाई टुप्पोदेखी पैताला सम्म बदनाम भएका पार्टीहरू भनेपनि अहिले फेरी तिनै मधेसवादी पार्टीहरूसँग मिलेर चुनावी मोर्चा बनाउने कसरतमा दाहाल लागेका हुनाले दाहाल जता मल्खु त्यतै ढल्कु जस्ता नेता मात्र बन्ने प्रयासमा लागेका हुनाले अब अन्यदलहरूले एमाओवादी पार्टीलाई विश्वास गर्नु भनेको स्वयम् तिनै पार्टीहरूका लागि आत्माहत्या गरे सरह हुनु भात्र हो ।

वाइसिएलको पहिलो महाधिवेशनलाई सम्बोधन गर्दै अर्का नेता बाबुराम भट्टराईले अन्योलग्रस्त समयको मौका छोपेर एमाओवादीमाथि प्रहार गरीएको वताउँदै द्वन्द्वकालमा मारीएका कृष्णप्रसाद अधिकारीको हत्या स्वभाविक भएको उद्घोष गर्दै अहिले अनेक बहाना बनाएर एकाएक गरी द्वन्द्वकालमा मारीएका व्यक्तिहरूका मुद्दा उल्टाएर आफूहरूलाई अपराधी घोषित गर्ने षड्यन्त्र भइरहेकाले त्यस्को प्रतिवाद गर्न वाइसिएल कार्यकर्ताहरूलाई आह्वान गर्दै स्याल र बाख्राका अगाडी तपाईहरू बाघ झैँ झम्टन तयार रहनुहोस भन्ने निर्देशन दिएका हुनाले मंसीर ४को निर्वाचन स्वतन्त्र निष्पक्ष र धाँधली रहति नहुने प्रायः निश्चित रहेको छ । वाइसिएलका कार्यकर्ताहरूले विरोधीहरूमाथि बाघले झैँ झम्टिएको खण्डमा कस्तो निर्वाचन होला के त्यो स्वतन्त्र र निष्पक्ष हुन सक्छ ?

## ठूला दलले...

दलहरूले मधेसका सोझा साझा जनतालाई पैसा बाँडेर भोट किन्ने प्रयास गरेको भन्दै आचारसँहिता उंल्लघन हुँदा समेत निर्वाचन आयोग मौन बस्नुले निर्वाचन आयोग समेत तिनै ठूला दलको पक्षमा रहेको आरोप लगाउँदा समेत निर्वाचन आयोग मौन बस्नुको पछाडी के रहस्य लुकेको छ ?

एमाओवादी सहितका अन्य ठूला दलले निर्वाचन आचारसंहिता विपरीतका कार्यहरू राजधानीमै गर्दा समेत आयोगले त्यसतर्फ ध्यान पुऱ्याउन सकेको छैन । केही दिन पहिला एमाओवादीका अध्यक्ष लगायतका अन्य नेताहरूले आफ्नो पार्टीको भातृ संगठन वाइसिएलको प्रथम महाधिवेशनको उद्घाटन कार्यक्रममा वाइसिएलका कार्यकर्तालाई सिंह झैँ गर्जेर स्यालहरूलाई तह लगाउन निर्देशन दिएका थिए । अध्यक्ष दाहालले त आफ्नो पार्टीको विरूद्धमा बोल्न र लेख्नेहरूलाई समेत ठीक पार्न उद्घोष गर्दै, त्यस्का विरूद्ध जाइलाग्न निर्देशन दिनु आचारसंहिताको ठाडो उंल्लघन हुनु हो ।

निर्वाचन जित्ने बहानामा ठूला दलहरूले निर्वाचनको लागि भन्दै युवादस्ता खडा गर्दै हिड्न थालेका छन् । एमाओवादीले निस्कृय भएको वाइसिएललाई ब्युँझाएको छ भने नेकपा एमालेले युवा संघ, युवा महिला संघ नै बनाइ सकेको छ अब नेपाली कांग्रेस समेत त्यस्तै गरी बुथ सुरूक्षा समितिको नाममा युवादस्ता खडा गर्ने उद्घोष नेपाली कांग्रेसका उपसभापति रामचन्द्र पौडेलले गरीसकेका हुनाले आउँदो संविधानसभाको निर्वाचनमा साना पार्टीका उम्मेरद्वार र उनीहरूका समर्थकहरू ठूला दलको चेपुवामा पर्ने प्रायः निश्चित रहेको छ ।

साना पार्टीका उम्मेरद्वारहरू आफूहरू कसरी सुरक्षित हुने र चुनावी प्रचारप्रसारमा जनताकहाँ कसरी पुग्ने भनेर चिन्तित हुन थालेका छन् । ठूला पार्टीकै समर्थनमा सरकार बनेको र सरकारी संयन्त्र पनि ठूला पार्टीकै पक्षमा रहने भएको हुनाले आउँदो संविधानसभाको निर्वाचन साना पार्टीहरूको लागि जीवनमरणको निर्वाचन हुने भएको छ ।

मधेसवादी दलहरू समेत चुनावी दस्ता बनाउने कसरतमा लगेका छन् । केही मधेसवादी दलहरूमा अहिले देखि नै आ-आफ्ना नेताहरूलाई कसरी जिताउन सकिन्छ भन्दै पैसाको चलखेल समेत भइसेको छ भने केही मधेसवादी दलहरूले तिन ठूला दलहरूकै कारण निर्वाचन स्वच्छ निष्पक्ष र धाँधली रहित हुन नसक्ने उद्घोष गरीसकेका छन् । नेकपा-माओवादी सहितका अन्य ३३ दल जसरी भएपनि निर्वाचन विथोल्न हतियार समेत उठाउन पछि नपर्ने उद्घोष गर्दै हिंडेका हुनाले मंसीर ४ मा गर्ने भनिएको निर्वाचन रत्तपातपूर्ण हुने र ठूलो समूहले विरोध गरेको खण्डमा त्यस्तो निर्वाचनले वैधानिकता पाउन सक्ने कुरामा आशंका उब्जिएको छ ।

## राष्ट्रपतिको सुझाव...

राष्ट्रपतिलाई गुहार गरिसकेपछि राष्ट्रपतिले सबै दलहरूलाई बोलाएर छलफल गराउन किन नहुने ? यसमा संविधानमा अधिकार छैन भनेर बिङ्गो किन लगाइयो ? हिजो राष्ट्रपतिलाई चार दलको पार्टी अफिस बनाउन र सिन्डिकेटलाई मान्यता दिन राष्ट्रपतिलाई संविधानको कुन धाराले अधिकार दिएको थियो ? विश्लेषकहरू भन्छन्, राष्ट्रपति सिन्डिकेटको खेलौना भए । खेलौनाको आदेश सिन्डिकेटले किन मान्ने ?

## दाहालको नौटंकी...

दाहालप्रति लक्षित गर्दै महासचिव थापाले भनेका छन् कथित महान नेताहरूले हिजो गल्ती गऱ्यौं भनेर जनतालाई उल्लु बनाउनको लागि गाहीको आशु झार्दै हिंडेका छन् त्यो केवल दाहालको नौटंकी मात्र हो । दाहालमात्र त्यस्ता नेता हुन उनी जहाँ जहाँ पुग्छ त्यहाँ त्यहाँ त्यस्ता नौटंकी गरेर जनतालाई झुक्याउन खप्पीस रहेका भएपनि अब उनको नौटंकी र उनको व्यवहार नेपाली जनताले देखिसकेको महासचिव थापाको भनाई रहेको थियो ।

पछिल्लो समयमा भारतले नेपाली सेनालाई दिने भनिएको १५ हजार थान हतियार राष्ट्रवादी र लोकतन्त्र पक्षधरमाथी प्रयोग हुन सक्ने आशंका जनाउँदै थापाले यदि त्यसो भएमा ति सबै हतियारहरू आफूहरूले खोसेर लिने उद्घोष समेत गरेका छन् । अहिले केहि विदेशी दलाल र केही दातृ निकायहरूको दवावमा निर्वाचन गराउन लागिरहेको र हामी आफैले आफ्नो निणर्य गर्न नपाउनु भनेको लोकतन्त्र होइन भन्दै एमाओवादीले दुइतिहाई मत ल्याएर मुलुक विदेशी दलालहरूलाई जिम्मा लगाउने खेलमा लागेको जस्ता गम्भिर आरोपसमेत लगाएका थिए सोही कार्यक्रममा विभिन्न पार्टी परित्याग गरेर विरगञ्जमा झण्डै एक हजार व्याक्तिहरू नेकपा-माओवादीमा प्रवेश गरेका थिए ।

## वैज्ञानिक नै तस्करका हतियार

काठमाडौं । गैंडाको खागसहित पक्राउ परेका अभियुक्तले साविती बयान दिएपनि 'खाग तस्करी' मुद्दा जटिल बनेको स्थितिमा गैंडा शिकारीले वैज्ञानिकलाई नै किनिदिएपछि खाग नक्कली सावित हुँदैछ, खाग तस्कर धमाधम छुट्न थालेका छन् । खाग र खाग तस्कर पक्राउ गर्ने प्रहरी 'मह काट्दै हात चाट्दै' चुपचाप तमासे बन्न थालेका छन् ।

स्रोतका अनुसार साविती बयानपछि सिधै मुद्दा र दण्डमा जानुपर्नेमा पक्राउ परेको खाग राष्ट्रिय प्रविधि विज्ञान प्रयोगशालामा जाँच गर्न पठाइयो । प्रयोगशालाका वैज्ञानिक दिनेश झाले भने जति रकम पाइसकेकाले उनले खागको संवेदनशलि भाग खुर्केर झार्न र पोको पारेर खल्तीमा हाल्लने अनि नक्कली भनेर रिपोर्ट लेखिदिने गरेका छन् । पक्राउ पर्नेहरू दङ्ग छन्, उनका मालिकले खबर पठाएका छन्, आत्तिनु पर्दैन ।

वैशाख २९ गते रौतहट, असार २३ गते बालाजुमा पक्राउ परेका खाग कहाँ गयो ? पक्राउ पर्नेहरूले भनेका छन्, खाग असली हो । असली हो भने कि प्रहरीले साट्नु पऱ्यो, कि वैज्ञानिकले । यतिखेर खाग काण्ड सीआईबी र अख्तियारमा समेत चर्चाको विषय बनेको छ । वैज्ञानिक पनि भ्रष्ट ? देशको शासन कसरी अपराधीकरण भइसकेछ नि ?

## सेना प्रयोग हुने नै भयो

काठमाडौं । मंसिर ४ मा गर्ने भनिएको संविधानसभाको निर्वाचनलाई मध्यनजर राख्दै गृहमन्त्री माधवप्रसाद घिमिरले सेनालाई 'ब्याकिङ फोर्स'मा राख्ने निर्णय भएको बताएका छन् । कुनै पनि बुथमा गडबड भयो कि सेना पुगिहाल्ने उनको दाबी छ । तर गृहकै स्रोत भन्छ, अस्थायी प्रहरी भर्ना गर्दा त्यो सूचीमा सेनालाई खटाइने र कतिपय सेनालाई सिभिलमा खटाइनेहभ योजना बनिसकेको छ, देखावटी रूपमा सेनालाई सतर्क राखिने योजना छ । यसरी खटिने सेनाका जवान र प्रहरी-सशस्त्र प्रहरीलाई विशेष निर्देशन जारी हुने र एमाओवादीले जित्ने क्षेत्रहरूमा जतिसुकै गडबढ भएपनि निर्वाचन विथोल्न नदिने भन्ने आदेश हुनेछ । यसको अर्थ खिलराजको सरकार एमाओवादीलाई चुनाव जिताउन कटिबद्ध छ भन्ने देखिन्छ ।

सेना प्रयोग गर्दा राजनीतिक सहमति हुनुपर्ने हो तर सरकारले 'संविधान अनुसार'का नाममा कुनै पार्टीको हितका लागि सैनिक शक्तिको दुरूपयोग हुन लागेको छ । भनिन्छ, यस सम्बन्धमा प्रधानसेनापति, सरकार प्रमुख, गृहमन्त्री र एमाओवादी अध्यक्ष स्तरमा २ पटक गोप्य वार्ता भइसकेको छ । सेनालाई यसरी राजनीतिक स्वार्थमा प्रयोग गरिँदा सेनाको शाख र जनविश्वास गुम्न सक्नेप्रति प्रधानसेनापति सचेत भएको देखिन्न । आम राजनीतिक दलहरूले पनि यस विषयमा मौनता साँदिरहेका छन् ।

जनताको पीरमर्का सुन्न र रचनात्मक सुझावहरु ग्रहण गर्न नेपाल सरकार सधैं तत्पर र जागरुक छ । साथै समस्या निराकरण गर्न सुझावको अपेक्षा पनि गर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार